वर्ष : १६, अंक : ३०, काठमाडौं, २०७७ कार्तिक २८ गते शुक्रबार, 13 November 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## उखु किसानले भेटे राष्ट्रपति

काठमाडौं । चिनी मिल मालिकहरुले भुक्तानी नदिएको भन्दै आन्दोलन गर्दै आएका उखु किसानहरुले राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेटेका छन् । उखु किसान संघर्ष समिति सर्लाहीका प्रतिनिधिहरुले राष्ट्रपति भण्डारीलाई भेटेर आफ्नो पीडा सुनाएका छन् । सोमबार राष्ट्रपति कार्यालय पुगेका उखु किसानहरुको समस्यामा राष्ट्रपति भण्डारीले चाँसो लिँदै किसानहरुको समस्या समाधान गर्न सरकारलाई ध्यानाकर्षण गराउने र सक्दो चाँडो किसानको समस्या समाधान गराउन पहल गर्ने प्रतिबद्धता जनाएकी छन् ।

किसानहरुले सोमबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई भेटेर ज्ञापनपत्र बुझाउँदै उखु किसानहरुले वर्षौंदेखि नपाएको बक्यौता रकम पाउने व्यवस्था मिलाइदिन आग्रह गरेका छन् । उखु किसान संघर्ष समितिका संरक्षक राकेशकुमार मिश्रले मन्त्रालयले २०७६ पुस १८ गते उखु किसानसँग गरेको सम्झौता अझै कार्यान्वयन नभएको भन्दै छिटोभन्दा छिटो भुक्तानी पाउने व्यवस्था मिलाईदिन आग्रह गरे ।

मन्त्रालयको समन्वयमा उखु किसान र उद्योगीबीच जायज्यथा बिक्री गरेर भएपनि २०७६ माघ ७ गतेभित्र किसानहरुको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता गर्ने लिखित सम्झौता भएको थियो । तर सरकारले अहिलेसम्म पनि बक्यौता रकम भुक्तानी गराउन नसकेको गुनासो किसानहरुले गरेका छन् । राष्ट्रपति भण्डारीले कृषि प्रधान देशमा कृषकहरुका लागि मल खाद्यको उद्योग नहुनु चिन्ताको विषय रहेको बताएकी थिइन् । उनले आफू पनि किसान परिवारबाटै आएकोले किसानको समस्यामा सरकारलाई ध्यानाकर्षण गराउने र समस्या समाधान गराउन पहल गर्ने किसानहरुलाई प्रतिबद्धतासमेत दिइन् । किसानहरुको प्रतिनिधिको रुपमा चिनिएका जसपा नेता राकेश मिश्रको संरक्षणमा किसानहरुले पाउनुपर्ने भुक्तानीका लागि चरणबद्ध आन्दोलन गर्दै आएका छन् । गत वर्ष काठमाडौंकेन्द्रित आन्दोलन गर्दा सरकारले सहमति गर्दा पनि कार्यान्वयन भएको भन्दै राष्ट्रपतिसमक्ष किसानहरु पुगेका छन् ।

**उद्योगमन्त्रीलाई अल्टिमेटम**

सरकारले आफूहरुसँग गरेको लिखित सम्झौता कार्यान्वयन नभएको भन्दै उखु किसान संघर्ष समितिले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टलाई छठसम्म अल्टिमेटम दिएको छ । छठसम्म बाँकी बक्यौता नपाए काठमाडौंकेन्द्रित आन्दोलन गर्ने र सिंहदरबार घेराउ गर्ने चेतावनी दिएको छ ।

# नेपालविरुद्ध चीनको ‘अघोषित नाकाबन्दी’

## व्यवसायीले गरे आत्महत्या, छैन कुटनीतिक पहल



काठमाडौं । केरुङ- रसुवागढी नाकामा चीनले १० महिनादेखि चीनले अघोषित नाकाबन्दी गरेको छ । यो नाकाबन्दीको मारमा चीनबाट नेपाल सामान ल्याएर व्यापार गर्ने व्यापारी परेका छन् । नेपाली व्यापारीको सामान झण्डै ११ महिनादेखि नाकामा रोकिएको छ । नाकामा रहेको सामानको भाडा, सामान किन्न लिएको ऋणले व्यापारी थलिएका छन् भने उनीहरु हतोत्साही पनि भएका छन् ।

नेपाली व्यवसायीले चीनमा अर्डर गरेका अर्बौंका सामान खासा, केरुङलगायत चिनियाँ बजारमै अड्किएका छन् । नेपाली व्यवसायीले चीनबाट अर्बौका समान ल्याउन चीनले अनेकौं बखेडा गरिरहेको छ । उसले एक प्रकारले नेपालविरुद्ध अघोषित नाकाबन्दी नै गरेको छ ।

नेपाल हिमालय सीमापार वाणिज्य संघका अनुसार कोभिड-१९ का कारण पछिल्लो नौ महिनादेखि करिब १७ अर्बको गार्मेन्ट, जुत्ताचप्पल, मोबाइल एसोसरिज, इलेक्ट्रोनिक्सका सामान र उपकरण, विभिन्न प्रकारका कच्चापदार्थलगायत चीनतर्फ अड्केको हो । चीनले तातोपानी र रसुवागढी नाकाबाट मालसामान ल्याउने बाटो फुकाए पनि पर्याप्त परिमाणमा भने निर्यात गर्न दिएको छैन । ती दुवै नाकाबाट अत्यन्तै थोरै परिमाणमा मालसामानसहितको कन्टेनर आउँदा व्यापारी लगानी डुब्ने चिन्तामा परेका छन् ।

विगतमा नेपाली व्यवसायीको कन्टेनर तातोपानी हुँदै चीनको खासासम्म सोझै जान पाउँथ्यो । खासामा सामान लोड गरी १५ दिनमा काठमाडौं आउँथ्यो । दैनिक रूपमा उक्त नाकामार्फत ५० देखि १ सय कन्टेनरसम्म सामान आउँथ्यो । रसुवातर्फ केरुङ (चीनतर्फको भूभाग)सम्म नेपाली कन्टेनर पनि जान पाउँथ्यो । तर, पछिल्लो समय कोभिडको समस्या देखाएर केरुङ र खासासम्म नेपाली कन्टेनरलाई जान दिइएको छैन ।

चिनियाँ पक्षले कोभिड-१९ को समस्या सिर्जना भएपछि नेपाली कन्टेनरलाई तातोपानी र रसुवातर्फको मितेरी पुलसम्म मात्रै जान अनुमति दिएको छ ।

नेपाली व्यवसायीले ती दुवै नाकाको मितेरी पुलसम्म दैनिक ५० देखि १ सय कन्टेनरसम्म आउनुपर्ने माग गर्दै आएका छन् । कनिका छरेजस्तो दैनिक ४-५ कन्टेनर झारेका कारण नेपाली व्यवसायीहरु आर्थिक मारमा परेका छन् ।

नौ महिनादेखि आउन नसकेको करिब १७ सय कन्टेनरको सामान कुन अवस्थामा छ भन्ने सोचेर मानसिक र आर्थिक पीडा थपिएको आयातकर्ता व्यापारीको भनाइ छ । यो विषयमा तर हालसम्म कूटनीतिक रुपमा समस्याको कुनै समाधान भएको छैन ।

सरकारी अधिकारीहरुकाअनुसार कोभिड-१९ को विषयमा चिनियाँ पक्षलाई आश्वस्त गर्न नसक्दा समस्या सिर्जना भएको हो ।

तातोपानी नाका हुँदै दसैंअघि नै ल्याउने तयारी गरिएका सामान अब खासाबाट काठमाडौं पुर्‍याउन अझै डेढ महिना लाग्ने देखिएको छ । चिनियाँ पक्षले सीमित मात्र गाडी खासाबाट तातोपानी सुख्खा बन्दरगाहसम्म पठाइरहेका छन् । नाका खुलेको ६ दिनमा जम्मा १६ कन्टेनर सामान मात्र भित्रिएको छ ।

नेपाली व्यवसायीले दसैंअघि नै झण्डै १ सय ५० कन्टेनर सामान खासामा स्टोर गरेका थिए । चिनियाँ पक्षले अहिलेकै गतिमा सामान छाड्ने हो भने जाडोका लागि अर्डर गरिएका सामान गर्मी र गर्मीका लागि अर्डर गरिएका सामान जाडोमा आइपुग्छ । त्यसकारण व्यवसायीको लगानी डुब्ने खतरा बढ्दै गएको छ । खासाबाहेक ल्हासा र सिगात्सेमा रहेका सामानसमेत कसरी ल्याउने भन्ने चिन्ताले पनि व्यवसायीलाई सताएको छ ।

हिमालय सीमापार वाणिज्य संघले सरकारले कूटनीतिक पहल नगर्दा व्यवसायीको लगानी डुब्ने अवस्थामा पुगेको बताएका छ । नेपाल र चीन सरकारको स्पष्ट कुरा नआउँदा पनि व्यवसायीका करोडौं रुपैयाँ चिनियाँ स्टोरमा थन्किएको छ ।

यस्तै, रसुवागढी नाकामा कोरोनाका कारण चिनियाँ गाडीबाट मात्र सामान ल्याउने सहमति भएका कारण अर्डरअनुसार आयात हुन सकेको छैन । चीनको केरुङतर्फ सामान लिन नेपाली गाडी जान नपाउने र चीनका पाँच गाडीले मात्र नेपालसम्मको सिमानामा सामान ल्याएर बुझाउने भएका कारण व्यापारीले अर्डर गरेअनुसार जाडोका सामान ल्याउन नपाएका हुन् । व्यापारीका अनुसार १० अर्बभन्दा बढी मूल्यको सामान चीनको केरुङमै रोकिएका छन् ।

**व्यवसायीले गरे आत्महत्या**

नेपाली व्यवसायीले चीनबाट सामान ल्याउन नपाउँदा चर्को ऋणमा मात्र होइन, आत्महत्या पनि गरेका छन् । ११ महिनादेखि नेपाल-चीन सीमामा सामान रोकिएर व्यापार व्यवसाय ठप्प भएका व्यापारी हरेराम पौडेलले आत्महत्या गरेका छन् ।

उनले आफ्नै काठमाडौं पेप्सीकोलामा डोरीको पासो लगाएर आत्महत्या गरेका छन् । आत्महत्याको यकिन कारण खुलेको छैन । तर लामो समयदेखि व्यापार व्यवसाय ठप्प हुँदा ऋणको बोझ बढेर ज्यान गुमाएको हुनसक्ने अनुमान छ ।

कोभिड-१९ को संक्रमणपछि गत पुसदेखि चीनले आफ्ना सबै नाका सिल गरेको थियो । चीनको वुहानमा सबैभन्दा पहिले भाइरस देखिएपछि नाका सिल गर्दा तातोपानी र केरुङ दुवै नाकामा नेपालीका २ हजार कन्टेनर सामान अड्किएका छन् । केरुङ नाकामा मात्र अझै नेपाली व्यवसायीका १ हजार कन्टेनर सामान थन्किएका छन् ।

**धर्नामा बस्ने चेतावनी**

चीनले एकतर्फी रुपमा सीमा बन्द गरेका कारण भएको समस्या समाधानमा सरकार गम्भीर नबनेको भन्दै नाकामै धर्ना बस्ने चेतावनी दिएका छन् ।

नेपाल राष्ट्रिय व्यवसायी महासंघले दश महिनादेखि चिनियाँ नाकामा रोकिएका कन्टेनरहरु सहज रुपमा नेपाल भित्रन नसकेको र सरकारले समेत पहल नगरेको भन्दै नाका सहज बनाउन सरकारसँग माग समेत गरेका छन् ।

संघका अध्यक्ष नरेश कटुवालले जारी गरेको विज्ञप्तिमा नाकामा देखिएका समस्या समाधानका लागि सरकारसँग पटकपटक आग्रह गरे पनि समस्या समाधान नभएको बताएका छन् ।

परराष्ट्रमन्त्री, प्रतिपक्षी दलका नेता लगाएतका सबै शिर्ष नेताहरुलाई समस्याका बारेमा जानकारी गराएपछि केरुङ, तातोपानी नाका खुला गरिएको भएपनि अहिले समेत मालवस्तुहरु सहज रुपमा नेपाल भित्रन नसकेको महासंघले जनाएको छ ।

विज्ञप्तिमा भनिएको छ, ‘नाकाहरुमा अहिले पनि धेरै कन्टेरहरु रोकिएका छन् । तर दिनमा

बाँकी पृष्ठ ७ मा

## राजकुमारलाई हटाउनुपर्ने कारण देखाउन आदेश

राजकुमार महतोलाई डब्लुएचओबाट हटाउनुपर्ने कारण देखाउन सर्वोच्चको आदेश

काठमाडौं । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) नेपालका पूर्वकर्मचारी राजकुमार महतोलाई कार्यस्थलमा जातीय विभेद, उत्पीडन र अन्याय गरी जागीरबाट निकाल्ने कार्य गरेकोले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, बागमती प्रदेश सरकार अन्तर्गतका मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सामाजिक विकास मन्त्रालय र वरिष्ठ जनस्वास्थ्य प्रशासक सतिश विष्टलाई सर्वोच्च अदालतले कारण देखाउ आदेश जारी गरेको छ । न्यायधीश हरिकृष्ण कार्कीको एक न्यायधीशको इजलासले कार्तिक २१, २०७७ को पत्र अनुसार १५ दिनको म्याद राखी चार वटै विपक्षीहरुलाई कारण देखाउ आदेश जारी गरेको हो ।

सर्वोच्च अदालतको पत्रमा कारण देखाउ भन्दै उल्लेख गरिएको छ । यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु

बाँकी पृष्ठ ७ मा

**समय-सन्दर्भ**

## भारतीय सेनाध्यक्षको भ्रमण : सैनिक कूटनीतिदेखि पर्यटन प्रबर्द्धनसम्म



काठमाडौं । भारतीय स्थलसेनाध्यक्ष जनरल मनोजमुकुन्द नरवणेको नेपाल भ्रमण सैनिक कूटनीतिमा मात्र सीमित नरही धार्मिक, सांस्कृतिक, पर्यटकीय र स्वास्थ्य कूटनीति प्रबर्द्धनका हिसाबले निकै महत्वपूर्ण सावित भएको छ । प्रधानसेनापति पूर्णचन्द्र थापाको निमन्त्रणमा नेपालको तीनदिने औपचारिक भ्रमण गरेका सेनाध्यक्ष नरवणेले विभिन्न तहमा गरेको भेटघाट र भ्रमणले नेपाल-भारतबीचको सम्बन्ध सैनिक र राजनीतिक तहमा मात्र नभई सांस्कृतिक एवं धार्मिक तथा पर्यटकीय क्षेत्रसँग पनि उत्तिकै जोडिएको पक्षलाई उजागर गरेको छ। संसारमै बिरलै हुने खुला सिमाना तथा राहदानी र प्रवेशाज्ञाविना एक देशबाट अर्को देशमा सहजै आवतजावतको अभ्यास दुवै देशका नागरिकबाट हुनु दुई देशको घनिष्ठ सम्बन्धको महत्वपूर्ण पक्ष भएको शायदै विश्वलाई थाहा होला ।

काठमाडौं अवतरण गरेको केही बेरमै सेनाध्यक्ष नरवणे वसन्तपुर र हनुमानढोका क्षेत्र पुगेर त्यहाँका प्राचीन सम्पदा र मन्दिरको अवलोकनका साथै जीवित देवी कुमारी र कालभैरव दर्शन पुगेका थिए । प्राज्ञ प्रा दिनेशराज पन्तले कोरोनाको महामारीबीचमा भारतीय सेनाध्यक्षले हनुमानढोका क्षेत्रको भ्रमण तथा

बाँकी पृष्ठ ७ मा



सम्पादकीय

# मधेशभरि फैलियोस् प्रकाश

दशैंको पन्ध्रौं दिनमा आउने ठूला पर्वहरूमध्ये तिहार अर्थात् दिपावली पनि एक हो । यो पर्व कात्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले शुरू भएर कात्तिक शुक्ल पक्षको द्वितीया तिथिको भाइटीकासम्म अर्थात् पाँच दिन मनाइन्छ । हिन्दु धर्मावलम्वीले दीपावलीको रूपमा यस पर्वलाई धूमधामका साथ मनाउने पनि गर्दछन् । पाँच दिनसम्म मनाईने तिहारको सम्बन्धमा हिन्दु धर्मशास्त्रका पौराणिक कथाहरूमा पनि तिहारलाई वर्णन गरिएको छ । सूर्यका छोरा यमराजले आफ्नी बहिनी यमुनाको निम्तो स्वीकार गरी बहिनीका घरमा गई रमाइलो मनाएको हुँदा यी पाँच दिनलाई यमपञ्चक मानिएको कुरा हिन्दु शास्त्रमा उल्लेख गरिएको छ । तिहारले एकातिर मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्र प्रस्तुत गर्छ भने अर्कातिर दाजुभाइ तथा दिदीबहिनी बीचको आत्मीय र पवित्र स्नेह एवं सम्बन्धलाई पनि यसले छर्लङ्ग पार्दछ ।

पहिले दशैं अनि त्यसको पन्ध्र दिनपछि आउने तिहार दुवै पर्वमा देवी दुर्गाका विभिन्न रूपहरूको पूजा आराधना गरिन्छ । सम्पत्तिकी देवी लक्ष्मीको पूजा घरमा अन्न धेरै आओस् भन्ने उद्देश्यमा गरिएको पनि विश्वास रहेको छन् । दक्षिण एशियाका धेरै देशमा विशेष गरि भारत, नेपाल, भूटान र बर्मा म्यानमारमा यो पर्व विभिन्न प्रकारले मनाइन्छ । तिहार हिन्दुहरूको सबैभन्दा ठूला पर्वहरू मध्ये एउटा हो । तिहार अर्थात दिपावली मधेशमा पनि निकै उत्साहका साथ मनाइन्छ । जीवनका अज्ञान रूपी अन्धकारलाई हटाएर प्रकाशको दिब्य आलोकमा प्रवेश गर्न सकौं भन्ने सन्देश यस पर्वले दिएको हुन्छ । अभावग्रस्त जीवनले परिपूर्ण बनाएर आत्मज्योतिको दिव्य प्रकाशको अनुभूति गर्न सकौं भन्ने सन्देश दिपावलीले दिएको छ भन्दा फरक नपर्ला । प्रकृति भोग्य होइनन यी त सहगामिनी हुन् भन्ने कुरा यो पर्वबाट थाहा हुन्छ ।

**तिहारले एकातिर मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्र प्रस्तुत गर्छ भने अर्कातिर दाजुभाइ तथा दिदीबहिनी बीचको आत्मीय र पवित्र स्नेह एवं सम्बन्धलाई पनि यसले छर्लङ्ग पार्दछ ।**

दिपावलीले सबैमा सुख, समृद्धि तथा श्रीसम्पति छाओस् भन्ने सबैको कामना छ । मधेश मात्र होइन पुरै देश अहिले कोरोनाभाइसको संक्रमणमा छ । यो संक्रमणकाबीच हामीले दशै मनायौं भने दीपावली र छठ जस्ता पर्व पनि मनाउनु परेको छ । संक्रमणको संवेदनशीलतालाई ध्यानमा राखेर हामीले यस वर्ष चाडपर्व मनाउनु श्रेयस्कर हुनेछ । सामाजिक दूरीलाई कायम राख्नै पर्छ ।

चाडबाड आयो भन्दैमा स्वास्थ्यसम्बन्धी प्रोटोकोललाई पालना गर्न बिर्सनु हुँदैन । आर्शीवाद थाप्ने भन्दैमा स्वास्थ्यको जोखिमलाई ख्याल गर्नुपर्छ । सामाजिक मान्यतामाथि पनि यस पटक विचार गर्नु वाञ्छनीय हुने देखिन्छ । आफन्तजनको भेटघाटमा दुरी कायम गर्ने कुरामा सचेत बन्नैपर्ने बाध्यता छ ।

त्यसैले तिहारमा पनि सकेसम्म कम भेटघाट गर्ने उपायहरुको खोजी गर्न सकिन्छ । भीडभाड कम गर्ने र गराउने विषयमा राजनीतिक दल, तिनका भातृ संगठन र विभिन्न सामाजिक संघसंस्थाहरुले अहिलेदेखि नै सचेतना अभियानहरु चलाउनु उपयुक्त हुने देखिन्छ । सरकारले जारी गर्ने सूचनाहरु पनि त्यसैतर्फ लक्षित हुनुपर्छ । कोरोनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं भन्ने सन्देश नै तिहारको उपयुक्त शुभकामना हुनसक्छ ।

# देशको दुरावस्था र नेकपाको ताण्डव

विचार-विश्लेषण भाग-७२



उपेन्द्र झा

**जाडोयाममा कोरोनाको संक्रमण तीव्र गतिमा बढ्ने कुरा, उद्योगधन्दा ठप्प हुँदा भोकमरीको समस्या, देशलाई गतिशील बनाउने समस्या आदि यावत् समस्याको व्यवस्थापनमा रहेको जटिलताबारे सरकारले अविलम्ब सोचेन भने यसले बिषम परिस्थितिको जन्म दिनेछ ।**

कोरोनाको प्रकोपलाई रोक्न देशमा लगाएको लकडाउन झण्डै ८ महिना भयो । बन्दका कारण श्रमिक, मजदूर, साना व्यवसाय गर्ने तथा मध्यमवर्ग सबभन्दा बढी प्रभावित रहेकाले यिनमा भोकमरी समस्या तीव्र रुपमा बढ्दै गएको छ । काठमाडौंको टुँडिखेलमा भात खान आउनेको संख्या दिनानुदिन बढ्दै जानु यसको ठूलो उदाहरण हो । यति लामो बिना कारोबार मानिस हातमुख कसरी जोर्ने भन्ने विषय सरकारको संज्ञानमा भएपनि यसको ठोस समाधानका उपायहरु बाहिरिएको छैन । "खाना बेगर कोही मर्दैन" भन्ने सरकारको प्रहसन भने बेला मौकामा आउने पर्दछ ।

जोकरले अरुलाई हँसाउनमा आफ्नो गौरव ठान्छ । कति मात्रामा मानिस हाँसे, त्यति नै उसको कुशलता बढ्ने, लोकप्रियता बढ्ने मानदण्ड हो । ठीक त्यस्तै ओलीको कार्यक्रममा ओलीजीको हरेक अभिव्यक्तिमा श्रोताहरु हाँसि रहन्छन् । श्रोताको त्यो हाँसो सरकारको निकम्मापनको हो, असक्षमता प्रदर्शनको हो, शक्ति प्राप्तिको अहंकार हो वा प्रहसन गर्न सक्षम र कुशल पात्रको हो, ओलीजीको आँकलन बाहिर छ । श्रोता हाँस्यो भने प्रधानमन्त्रीको सफल कार्यकालको गौरव महसूस गर्ने ओलीजीको सोच आफ्नो आसेपासेबाहेक अरु कसैको लागि उपयुक्त छैन ।

गर्मी महिनामा कोरोनाको संक्रमण कम रहने हुँदा अन्य देशको तुलनामा नेपालको संक्रमण दर कमै देखिएको छ । तर जाडो यामको शुरुवातसंगै यसको तीव्रतर वृद्धि हुने सम्भावनालाई सरकारले कसरी रोक्ने भन्ने ठूलो समस्या देखिएको छ । मानिसको चहल पहल विस्तारै शुरु भएदेखि मानिसले सामाजिकदूरि पनि बनाउन छाडे । सार्वजनिक ठाउँमा मानिस मानिसबीचको स्पर्श बेरोकटोक हुन थाल्दा कोरोनाको संक्रमण नबढ्ला भन्न सकिन्न ।

कोरोनाको व्यवस्थापन चुनौतीपूर्ण रहेको, यससंग जोडिएको जनजीविकाको प्रबन्धन, देशको आर्थिक क्षेत्रलाई गतिशीलता प्रदान गर्ने क्षमताको प्रदर्शन, समग्रमा देशलाई चलायमान बनाउन खेलिने भूमिका अति महत्वपूर्ण रहेकोले यस विषयतर्फ सरकारको ध्यानाकर्षण नभई अनावश्यक राजनीतिक विवाद उठाउनेमा शक्ति खर्चिएबाट वर्तमान सरकारबाट यी यावत् समस्याको समाधान होला भन्ने कुनै आश देखिदैन । विगतमा सम्बोधनबिना समस्याहरु पोको पारि थन्काइएको, वर्तमानमा महामारीले दिइरहेको आर्थिक क्षेत्रको मार र त्यसबाट उत्पन्न हुने यावत् समस्याबाट बेखबर केपी ओली सरकार किञ्चित गम्भीर नरहेको परिस्थितिले झन् झन् चिन्ता बढाएको छ ।

सम्पन्न देशको महामारी समस्या, आर्थिक मन्दीको समस्यालाई उसको सम्पन्नताले भरथेग गर्न सक्षम हुन्छ, तर हाम्रो जस्तो गरिब मुलुक जसको परनिर्भरता ८० प्रतिशत छ कसरी धान्न सक्छ । भिखारी मानसिकताका शिकार सरकारको लागि यी समस्या कुनै ठूलो कुरो होइन । यी यावत् समस्या त दाता राष्ट्रको हो भन्ने सोच राख्ने आफूलाई स्वाभिमानी, ईमान्दार र राष्ट्रवादी ठान्छन् । अरुले दिएर देश चलाउने सरकारका लागि देशको चिन्ता नलाग्नु स्वाभाविक हो ।

देशले पहिलो पटक पाएको शक्तिशाली ऐतिहासिक सरकारबाट देशको समग्र विकास हुने जनताको अपेक्षा धुल धुरसितभएको छ । देशको समग्र क्षेत्रको योजना तथा त्यसको कार्यान्वयनप्रतिको चासो हुनु त कताकता सरकार आफ्नो पार्टीलाई पनि विभाजनबाट रोक्न सकि रहेको छैन । पार्टीको बैठकबाट भएको सहमतिहरुलाई उल्टाउँदै प्रधानमन्त्री केपी शर्मा ओली स्वेच्छाचारी ढंगले प्रस्तुत हुँदा पार्टीमा अराजकता आएको पार्टीभित्र सबैले स्वीकारेका छन् ।

भारतीय दूत भएर आएका रअ प्रमुख सामन्तकुमार गोयलसँगको भेटवार्तापछि प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टी विभाजनबाहेक सहकर्मीको कुनै कुरामा सहमत नहुनु कुनै दुर्घटनाको संकेत हो कि भन्ने आशंका उनैको पार्टीभित्र व्यक्त भई रहेको छ । सहकर्मीहरुले पार्टीको बैठक बोलाउन आग्रह गर्दा "सोही दिन अर्को पार्टीको घोषणा गर्ने", "अब पार्टी विभाजन गरि आफ्नो आफ्नो बाटो लागौं" आदि अभिव्यक्ति प्रधानमन्त्रीको मुखबाट आउनु कति दुर्भाग्यपूर्ण हो ।

प्रधानमन्त्री केपी शर्मा ओली स्वेच्छाचारी, अहंकारी, निरंकूश तथा सरकार चलाउन असफल रहेको अब आमनागरिकले पनि भन्न थाली सक्यो । वास्तवमा ओली पार्टीको नियन्त्रणभन्दा बाहिर रहेको सहकर्मीहरुको मात्र आरोप नभई यो आमनागरिकले पनि स्वीकारेका छन् । पार्टी विभाजनकै कुरामा अडिग रहने आखिर ओलीले के गर्न खोजेको भन्ने चासोको विषयलाई कसैले गम्भीरतापूर्वक लिएको छैन ।

बैठकबाट भएको सहमति तोडेर अगाडि बढेको ओलीलाई सहमतिमा आउन बारम्बार आग्रह गर्दा नमानेपछि सहकर्मीहरुले पार्टी र प्रधानमन्त्री पदबाट राजीनामाको माग तेर्साउँदा ओलीको अहंकारमाथि ठूलो चोट पर्दा उनी विक्षिप्त भई पार्टी विभाजनको एकमात्र निर्णयमा अटल देखिन्छन् । "भारतले मेरो सरकार गिराउन लागेको" ओलीको स्पष्टोक्ति सार्वजनिक भएको थियो । यो सर्वथा झूठो कुरा बुझेर पनि ओलीको आरोप सहकर्मीहरुले सहनु परेको थियो । आज रअ प्रमुखसँग भेंट भएदेखि ओलीको पार्टी विभाजनको अडानबाट ओलीको निर्देशित भूमिका हो किभन्ने सर्वत्र चर्चा भइरहेको छ ।

कार्तिक २७ गतेसम्म बैठक डाक्ने सहकर्मीहरुले दिएको समयसीमापछि नै के हुने भन्ने नतिजा आउन सक्ने भएकोले चारैतिर कौतुहलता व्याप्त छ । केपीशर्मा ओली अबदेखि पुष्पकमल दाहालसँग नबस्ने निर्णयमा पुग्नुको अर्थ बुद्धिजीवीहरुले आफ्नै आफ्नै ढंगले विश्लेषण गरि रहेका छन् । यदि पार्टी विभाजनमा गयो भने प्रचण्डभन्दा मूल दोषी ओली नै ठहरिने सहकर्मीहरुको दावा छ ।

प्रचण्डलाई बाहिर राखेर नेपाली काँग्रेस तथा जनता समाजवादी पार्टीसँग मिलेर सरकार बनाउने ओलीको चाहनाहो भने त्यहाँ पहिलेभन्दा बढि दबाव खेप्नु पर्ने अवस्था आउन सक्दछ । नेकपामा त पार्टी विभाजनको भय देखाएर असन्तुष्ट पक्षलाई थामथुम गरिराखेको अवस्था थियो । तर त्यहाँ बार्गेनिङको चरम दबाव पर्न सक्ने अवस्था देखिन्छ । पार्टी विभाजनमा निर्दोष देखिएको प्रचण्डलाई हटाएर प्रतिशोध पूर्ण भएको ठान्ने ओलीले आफू पनि कमजोर भएको कुरा किन सोचभन्दा बाहिर छ । कुन दीर्घकालीन योजनालाई नतिजा दिन खोजेको हो ओली सरकारले ।

पार्टी विभाजन गरी कमजोर भएका पार्टीहरुले पछि संयुक्त सरकार बनाए पनि देश अस्थिरताको शिकार हुने विगतको अनुभवले देखाएको छ । पार्टीको सहमति आफै नमानेर विभाजनको धम्की दिएर सहकर्मीलाई नियन्त्रण गर्न खोज्नु न कम्युनिष्ट आचार संहितामा पाइन्छ न लोकतान्त्रिक सिद्धान्तमा । अहिले नियम कानूनलाई बेवास्ता गर्दै अगाडि बढ्नुमा अन्तर्निहित दुर्घटनाको संकेत पनिआई रहेको कतिपयले आँकलन गरिरहेका छन् ।

संयुक्त सरकार बनाएर जाने नेपाली काँग्रेसको उत्कट चाहना होला । यो चाहनाले ओली प्रोत्साहित पनि भएको होला । जसपा पनि संयुक्त सरकार बनाउन बिनाशर्त आउलान् नै । तर पनि नेकपाको विभाजन रामो नतिजा दिने घटना साबित हुँदैन । यो अनिष्टको संकेत नै साबित हुने पक्का छ ।

पार्टी विभाजनमा पनि धेरै जटिल कुराहरु देखिएका छन् । एमाले र माओवादीबीचको विभाजन भयो भने अहिले सुविधामा बसेका कतिपय माओवादी एमालेलाई समर्थन गरि यथास्थान बसी रहने छन् । तर अहिले विरोधमा देखिएको माधव नेपाल, झलनाथ खनाल जस्ता विरोधी नेताहरु प्रचण्डसँग जान्छन् ? यो एकदमै असम्भव देखिन्छ । अनि विभाजन कसरी हुने ? विभाजन नहुने हो भने देशलाई नै ठप्प गरेको राजनीतिक गतिरोध यथावत् कायम रह्नेबाट यसको विरोधमा जनता सडकमा आउने सम्भावना पनि प्रवल छ । देशलाई गतिरोधको पासोमा बाँधेर राख्नु पनि विद्रोहको ठूलो कारण बनन सक्छ ।

अहिलेको परिस्थितिमा देश निकाश खोजी रहेको छ । जाडोयाममा कोरोनाको संक्रमण तीव्र गतिमा बढ्ने कुरा, उद्योगधन्दा ठप्प हुँदा भोकमरीको समस्या, देशलाई गतिशील बनाउने समस्या आदि यावत् समस्याको व्यवस्थापनमा रहेको जटिलताबारे सरकारले अविलम्ब सोचेन भने यसले बिषम परिस्थितिको जन्म दिनेछ । यस्तो सम्बेदनशील अवस्थामा नेकपाको ताण्डव प्रहसन जस्तै लाग्छ ।

देशले निकाश खोजेको छ । नेकपाले कि त ओलीलाई संसदमा अविश्वासको प्रस्ताव दर्ता गरेर झार्नु पर्‍यो । होइन भने विरोधमा रहेका पार्टीका सहकर्मीहरु ओलीको सामुन्ने आत्म समर्पण गरि सरकारलाई गतिशील बनाउनु पर्‍यो । जसरी जे गरेर हुन्छ नेकपाका कारण देशमा आएको राजनीतिक गतिरोध अविलम्ब हटाएर देशलाई गतिशील बनाउनु पर्‍यो । कोरोना जस्तै नेकपा पनि महामारीको रुपमा यो देशमा रहेको साबित हुन बेर छैन । नेकपाको प्रशंसा गर्ने अवस्था अब नेपाली जनतामा रहेन । ओलीले पनि के गर्न चाहेको हो गरि हाल्नु पर्छ ।

बुढापाकाहरुले "श्राप लागेको देश" भनेर भन्ने गर्दा यो पंक्तिकार कहिल्यै पत्याएन । तर विद्यमान शक्तिशाली सरकारको अकर्मण्यता हेरेर हो रहेछ भन्न करै लाग्यो । यस्ता सन्तान लिएर देश श्रापमुक्त हुने कुराको कल्पना पनि गर्न सकिन्न । दुर्योधन र शकुनी जस्तो सन्तानको भरमा त कुरुवंश नै नाश भएको उदाहरण छ । नेकपा नेपालको राजनीतिक इतिहासमा सबभन्दा कलंकित, नालायक, अकर्मण्य सरकारको उपाधि लिएको ठहर्छ ।

janukjha24@gmail.com

# संकटमा कुमाल समुदायको पुर्ख्यौली पेशा

जलेश्वर । प्रदेश २ सहित तराई तथा पहाडका विभिन्न जिल्लामा बसोबास गर्ने कुम्हाले समुदायको माटाका भाँडा बनाउने पुर्ख्यौली पेशा हाल सङ्कटमा पर्न थालेको छ । परम्परागत रुपमा माटोबाट हण्डी, घैटा, गमला, सुल्पा, चिलिम, दियो, कलश, माट, सिलौटा, चुलालगायत आकर्षक सामग्रीहरु तयार पारी बिक्री गर्दै आएका कुम्हाले समुदाय आधुनिकतासँगै आफूले निर्माण गरेको माटोका सामग्री बिक्री हुन छाडेपछि पेशा नै सङ्कटमा पर्दै गएको बताउँछन् । विशेषगरी प्लास्टिकका भाँडा निर्माण भएपछि माटोका सामग्री बिक्री हुन छाडेपछि कुम्हालेको पेशा सङ्कटमा परेको हो ।

हिन्दूहरुको महान चाड तिहार र छठमा सबैभन्दा बढी बिक्री हुने माटोको सामग्रीलाई पछिल्लो समयमा झिलीमिली बिजुली बत्ती, धातुका दियो, प्लास्टिकका भाँडालगायत आधुनिक वस्तुले विस्थापित गरेको छ । बजारमा प्लास्टिकका बाल्टिन, जग, डस्टबिन, थाललगायत सामग्रीले माटाका भाँडाको व्यापार खाइदिएको जलेश्वर नगरपालिका-६ का ईश्वर पण्डितको भनाइ छ ।

पण्डितका अनुसार विगतमा हिन्दूहरुको महान चाड दीपावली, तिहार र छठ पर्वलगायत विभिन्न पूजापाठमा माटोको दियो, ढकनी, घैंटो, मटिया, कुसिया, कुरबारलगायत सामग्रीहरुको माग अत्यधिक हुने गर्दथ्यो । माटोको भाँडा चोखो हुने हुँदा सबैले त्यही प्रयोग गर्थे । फलस्वरुप आफूहरुलाई ती भाँडा बनाउन भ्याइनभ्याइ हुन्थ्यो । अहिलेको समाज आधुनिकतामा रमाएर धातु र प्लाष्टिकका भाँडा तथा रेडिमेड बिजुली बत्तीहरु प्रयोग गर्न थालेपछि आफूहरुको व्यवसाय चौपट भएको उनको भनाइ छ ।

उनले करिब २० वर्षपहिले माटोका भाँडा बनाएर एक परिवारलाई वर्षमा रु ५ लाखदेखि ६ लाख कमाइ हुने गरेको थियो । तर अहिले अरू बेला बिक्री नै हुँदैन, भइहाल्यो भने चाडपर्वको याममा एक परिवारले रु ५०/६० हजारसम्म माटोको सामग्री बेचेर आम्दानी हुन्छ ।

महोत्तरी गाउँपालिका-३ का राजी पण्डितले आफूहरुको पुर्ख्यौली पेशा परम्परागत संस्कारले मात्रै धानेको बताए । आफूहरुको पेशा व्यवसायीकरणका लागि सरकारी निकायका साथै गैरसरकारी सङ्घसंस्थाको ध्यान पुग्न नसकेको उनको गुनासो छ ।

आफूहरुको जातीय पेशा व्यवसायीकरण नहुँदा युवापुस्ता अन्य पेशा व्यवसायका साथै वैदेशिक रोजगारीका लागि खाडी मुलुक पलायन हुन बाध्य भएको जलेश्वर नगरपालिका-१ का मङ्गल पण्डितको भनाइ छ । अत्यधिक श्रमको प्रयोग र आर्थिक लगानीमा तयार गरिने माटोको भाँडा बिक्री नहुनु र बिक्री भएपनि लागतसमेत उठाउन नसक्नुका कारण यो पेशामा युवापुस्ता संलग्न हुन नचाहेको जलेश्वर नगरपालिका-११ का लक्ष्मी पण्डितले बताए ।

जलेश्वर नगरपालिका-७ का वडाध्यक्ष रामछविला यादवले कुम्हाले समुदायको पुर्ख्यौली पेशा सङ्कटमा पर्दै गएको तथा हाम्रो परम्परागत माटोका दियो र भाँडासमेत लोप हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै कुम्हाले पुर्ख्यौली पेशा र हाम्रो मौलिकता दुवैलाई संरक्षण गर्नुपर्ने आवश्यकता रहेको बताए ।

# अचेतमा मधेश



**कौशल कुमार यादव**

जब हामी मधेशको कुरा गर्छौं, तब सबैले ठूला-ठूला भाषण दिने गर्छन् । कसैले मधेशीलाई यो समानुपातिक समावेशी अधिकार, कसैले पूर्व स्वतन्त्रता, कसैले स्वाधीनता जस्ता ठूला-ठूला शब्दहरुको प्रयोग गर्छन् । तर यी शब्दहरु आफै धेरै शक्तिशाली हो, यस्ता मुद्दा बोक्नलाई सन्तुलित विचारधारा भएको जनताको जरुरी हो ।

के मधेशको कति प्रतिशत जनतालाई यस्ता अधिकार चाहिने भन्ने अनुभुति भएको छ ? एउटा खोज गरौं यही विषयमा ? समानुपातिक निर्वाचनकै आधारमा भन्ने हो भने करिव ७०% भन्दा बढी जनताले यी शब्दहरु आफ्नो जीवनको लागि हो भन्ने अनुभूति गर्न सकेका छैन । किनकि मधेश र मधेशी अहिले अचेत (In coma) मा छन् । राजनीतिक चेतनाको आधारमा मधेशका जनता जिउँदो लास हुन, खाली आन्दोलनमा गएर टाउको र छातीमा शासकवर्गको गोली खान्छन् तर आन्दोलनबाट प्राप्त उपलब्धिका लागि खबरदारी कार्यक्रम कहिले गरेको देखिन्न । मधेश आन्दोलनबाट अलि अलि परिवर्तन त भयो तर जनता जागरुक नभएको कारणले राजनेताहरु अधिकारको व्यापारी बन्यो । कसले कहाँ कसरी लुटदैछ यो कुरा जनतालाई राम्ररी थाहा छ तर जनता मैन छन् । मौन जनताको बाध्यता छन्, जनताको आवाजलाई राजनीतिकर्मी तथा कर्मचारीतन्त्रले उठ्न दिएको छैन । एउटा सर्वसाधारणको पहुँच वडा अध्यक्ष भन्दा माथि हुन्न । तर यहाँ वडा अध्यक्ष भ्रष्टाचारमा डुबेको छ । मधेशमा जंगली शासन चल्दैछ । यहाँको नेतृत्वले जंगली जानवरसरह जनतामाथि शासन गर्दैछन् । यसको भरपुर साथ केन्द्रीय सरकारले दिँदै आएको छ ।

कसरी पुग्यो अचेत अवस्थामा मधेशी ?

सन् १८१६ र १८६० सुगौली सन्धी पछि मधेशको टाउको नेपालमा अनि धर भारतले लग्यो । भारतमा भविष्यमा मधेश विद्रोह होला भनेर शुरुमै बिहार, झारखण्ड, उतर प्रदेश दिएर समस्या सुल्झाए । नेपालले पनि त्यहीं देखासिखी गरेर नेपाललाई भूगोलको आधारमा तराई, पहाड र हिमाल गरी तीन प्रदेशमा विभाजन गरियो तर तर नेपालमा भारत जतिको अधिकार सम्पन्न प्रदेश भएन । यो बाहिरी शक्तिलाई देखाउनका लागि गरिएको थियो । यहिबाट मधेश नेपाली सत्ताको उपनिवेश बन्यो । यहिबाट मधेश दिन प्रतिदिन पछाडि पर्दै गयो ।

ऐतिहासिक हुलाकी राजमार्गलाई गोरेटो बाटोमा परिवर्तन गरी मधेशको सम्पूर्ण बस्तीलाई जंगलीको बस्ती बनाउने पहिलो प्रयास सफल भएपछि मधेशको आर्थिक केन्द्रका शहरहरु बिराटनगर, राजविराज, जनकपुर, वीरगंज, भैरहवा, जलेश्वर, मलंगवा जस्ता शहरहरु बिस्थापित भए । यी शहरहरु खाली भन्सारको कारणले आफ्नो अस्तित्व बचाउन पाएका छन् । यी सहरहरुमा खोलिएका शैक्षिक संस्था, व्यापारिक उद्योग, पर्यटनका लागि बनाइएका भैतिक संरचना तथा सांस्कृतिक सम्पदाहरु दिन प्रतिदिन जीर्ण हुँदै गएका छन् ।

विद्यानाथ झाले मधेशी काङ्गेस, गजेन्द्र बाबूले सद्भावना पार्टीको स्थापना गरेर नेपाली शासन पद्धति विरोधको शुरूवात गर्नु भयो । मधेश नेपाली विस्तारवादको विरोध वर्षौंदेखि लड्दै आएको छ ।

**अब मधेशी जनतालाई सचेतमा ल्याउनका लागि पार्टी विस्तार गर्नुभन्दा मधेशसँग सम्बन्धित कागजपत्र संकलन गरी जनताको सामु प्रस्तुत गर्नु, सबै जनाले आफ्नो क्षेत्रबाट सकेजतिको अनुसन्धान गरेर सम्पूर्ण मधेशी सामु प्रस्तुत गर्नु, मिडियाले मधेश सम्बन्धी रिसर्च पेपरलाई विशेष स्थान दिनुपर्छ ।**

मधेशीको हक अधिकार सुनिश्चित गर्नका लागि विगतका दिनहरुमा चार पटक मधेश जनविद्रोह भए तर नेपाली विस्तारलाई रोक्न सकिएन । बरु पहिलाभन्दा झन्-झन् बढ्दै गएको तथ्यांकले देखाएको छ । यी सबैको कारण एउटै हो कि मधेश अझै पनि अचेत अवस्थामै छ । सदियौंदेखि शोषण गर्दै आएको राजनीतिक पार्टीलाई नै अहिले पनि समर्थन गर्नु नै अचेतता अवस्थाको ठूलो प्रमाण हो । त्यसैगरी बारम्बार जनतालाई सडकमा ल्याएर आफ्नो स्वार्थ तथा विदेशी शक्तिको ईशारामा मधेशी विरुद्धको सम्झौता गर्ने व्यक्तिलाई अझैसम्म जनताले सामूहिक कारवाही गर्न सकेका छैनन् ।

**अचेतबाट सचेतमा कसरी ल्याउने ?**

डा. सीके राउतको नेतृत्वको "स्वतन्त्र मधेश गठबन्धन" ले मधेशलाई वैज्ञानिक तरिकाले सचेत बनाउन प्रयास गरेको थियो । उहाँ धेरै सफल पनि हुनुभयो । राउत नेतृत्वको गठबन्धनले मधेशी जनता सामु Black Buddh , Madhesh tutorial part 1, 2, 3 तथा वीर मधेशी, मधेश स्वराज, बैरागदेखी बचावसम्म जस्ता किताब लेखेर मधेशी जनतालाई सचेतमा ल्याउने उहाँ पहिलो मधेशी हुन् । योभन्दा पहिला कसैले पनि मधेशीलाई सचेत बनाउन यतिको डकुमेन्टरी बानाएका छैनन् । त्यसैगरी, उहाँ मधेशी युवालाई जागरुक बनाउनका लागि ध्यान योगा समेतको अभियान चलाउनु भयो । तर यसमा सोचे जतिको उपलब्धि उनले पाउनु भएन । मधेशी जनतालाई आन्दोलन गराई आफ्नो स्वार्थ पूरा गर्ने राजनेताहरुले पनि मधेशीलाई मार्न लगाउनु भन्दा जनतालाई सचेत बनाउनका लागि राउत जतिकै प्रयास गरेको भए अहिले मधेशी जनता अचेतमा हुने थिएन ।

अब मधेशी जनतालाई सचेतमा ल्याउनका लागि पार्टी विस्तार गर्नुभन्दा मधेशसँग सम्बन्धित कागजपत्र संकलन गरी जनताको सामु प्रस्तुत गर्नु, सबै जनाले आफ्नो क्षेत्रबाट सकेजतिको अनुसन्धान गरेर सम्पूर्ण मधेशी सामु प्रस्तुत गर्नु, मिडियाले मधेश सम्बन्धि रिसर्च पेपरलाई बिशेष स्थान दिनुपर्छ । मधेशसँग सम्बन्धित विभिन्न संगठनहरुले आउँदो पुस्तालाई मधेशको सत्य तथ्य सम्झाउनु हाम्रो भावीपुस्तालाई सहि राजनीतिक बाटो देखाउने कार्य गरेपछि मधेशीलाई सचेत अवस्थामा ल्याउन सकिन्छ ।

त्यसैगरी, जागरुक बनाउनलाई विश्वव्यापी प्रसिद्ध योगा ध्यान ( Meditation) को अभ्यास गराउँदा मधेशी जनतालाई सचेत अवस्थामा ल्याउन धेरै समय लाग्दैन ।

## मधेश अपडेट

### 'संघीयता र गणतन्त्र समाप्त पार्ने षड्यन्त्र'

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले वर्तमान सरकार संघीयता र गणतन्त्र समाप्त पार्ने षड्यन्त्र गरिरहेको आरोप लगाएका छन् । जसपा निकट युवा संघले मंगलबार जनकपुरधाममा आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा अध्यक्ष यादवले नेपालको संविधानले अपरिवर्तनीय रुपमा राखेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई सरकारले चुनौती दिने चेष्टा गरेको उल्लेख गरे । मुलुक कोरोना महामारीको संकट झेलिरहेको समयमा सरकारको मुख्य कर्तव्य जनताको ज्यानको सुरक्षा हुनु पर्ने सरकार त्यसबाट विमुख भई अन्य चलखेलमा लाग्नु मुलुकको लागी दुर्भाग्य रहेको बताए । जनताको जिउ धनको सुरक्षा गर्न नसक्ने सरकारको आवश्यकता नरहेको उल्लेख गर्दै उनले आफूहरु सरकारविरुद्ध सबै मोर्चामा लड्ने उल्लेख गरेका छन् । आन्दोलनबाट प्राप्त उपलब्धीहरुको रक्षा गर्दै विभेदरहित समृद्ध मुलुकको निर्माणका लागि वैकल्पिक शक्तिको रुपमा जसपाको गठन भएको उल्लेख गर्दै अध्यक्ष यादवले शिक्षित र सक्षम युवाहरुलाई नेतृत्व गर्ने समय आइसकेको उल्लेख गरे । विश्वको हरेक परिवर्तनको नेतृत्व युवाहरुले नै गरेको उल्लेख गर्दै अध्यक्ष यादवले मुलुकको विकास र समृद्धिको लागि शिक्षित र सक्षम युवाहरुलाई अगाडी बढ्न आग्रह समेत गरेका छन् । समाजवादी युवा संघका जिल्ला अध्यक्ष दिपेन्द्र कापडीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा युवाका संघका केन्द्रीय अध्यक्ष योगेन्द्र राय यादव, जनकपुर उपमहानगरका प्रमुख लालकिशोर साह, बौद्धिक पेशाकर्मी महासंघका केन्द्रीय उपाध्यक्ष जितेन्द्र कुमार यादव सहितका वक्ताहरुले सम्बोधन गरेका थिए । कार्यक्रममा विभिन्न पार्टी परित्याग गरेका करिब तीन सय युवाहरुलाई प्रमुख अतिथि यादवले पार्टीमा स्वागत गरेका थिए ।

### यमुनामाई पस्न नदिने चेतावनी

रौतहट । रौतहटको यमुनामाई गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद मुखियाले रौतहट क्षेत्र नम्बर १ का संघीय सांसद अनिलकुमार झालाई आफनो गाउँपालिकामा प्रदेश गरेर देखाउन चेतावनी दिएका छन् । गाउँपालिकाकै कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा गाउँपालिकाका अध्यक्ष मुखियाले यस्तो चेतावनी दिएका हुन्। संघीय सांसद झाले केही दिनअघि यमुनामाई गाउँपालिकामा आयोजित एक कार्यक्रममा स्थानीय तहको बजेट नगर तथा गाउँपालिकाको बाउको बजेट नभएको भन्दै दिएको अभिव्यक्तिको निन्दा गर्दै मुखियाले यस्तो चेतावनी दिए । स्थानीय जनतासँग माफी मागेर मात्रै गाउँ पस्न संसद झालाइ उनले सुझाव दिएका छन् । अध्यक्ष मुखियाले दशैंको शुभकामना मन्तव्य दिने क्रममा सांसद झाद्वारा स्थानीय तहको रकम मेयरको बाउको होइन, विदेशमा कमाउन गएका व्यक्तिहरुको श्रीमतीहरू अरूसँग अनैतिक सम्बन्ध राखेको जस्ता अमर्यादित, अशोभनीय अभिव्यक्ति दिएकोमा आलोचना गरे । दलित जातिबाट गाउँपालिकाको प्रमुख पदमा आएको हुँदा आफूलाई लक्षित गरेर उक्त अभिव्यक्ति दिएको प्रति आक्रोशित बन्दै अध्यक्ष मुखियाले सांसद झाले माफी नमागेसम्म उनलाई पालिकाभित्र प्रवेश गर्न नदिने अडान दोहोऱ्याए ।

### कन्ट्याक्ट ट्रेसिङ र स्वाब संकलन बन्द

वीरगन्ज । वीरगन्जमा कोरोना संक्रमितको कन्ट्याक्ट ट्रेसिङ र स्वाब संकलन कार्य बन्द गरिएको छ । वीरगन्ज महानगरपालिकाले महानगरमा बुधबारदेखि संक्रमितको कन्ट्याक्ट ट्रेसिङ र स्वाब संकलन कार्य बन्द गरेको हो । संघ सरकारले कोरोनाको परीक्षण र उपचारसम्बन्धित व्यक्ति आफैले शुल्क तिरेर गर्नुपर्ने निर्णय गरेपछि महानगरपालिकाले कन्ट्याक्ट ट्रेसिङ र स्वाब संकलन कार्य पनि बन्द गरिदिएको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कात्तिक २ गते देशभरका सरकारी अस्पताल र प्रयोशगालालाई पठाएको पत्रमा आर्थिक रुपमा विपन्न, ज्येष्ठ नागरिक एक महिला, अपाङगता भएका व्यक्ति, सफाइकर्मी र सुरक्षाकर्मीको मात्रै लक्षण देखिएमा परीक्षण र उपचार निशुल्क गरिने उल्लेख छ । यी बाहेक अन्यले परिक्षण र उपचारको खर्च सम्बन्धित व्याक्ति आफैले व्यवहोर्नु पर्ने सरकारको निर्णय छ । तर मन्त्रालयको पत्रमा संक्रमितको कन्टयाक्ट ट्रेसिङ र स्वाब संकलन रोक्ने व्यवहोरा उल्लेख नै नभएपनि पर्सामा वीरगन्ज महानगरपालिकाले भने कन्टयाक्ट ट्रेसिङ र स्वाब संकलन बन्द गरिदिएको हो ।

### द्वन्द्वपीडित महिला नेपाली कागज बनाउँदै

कैलाली । कैलाली जिल्लाको टीकापुर-६ आम्बासामा सशस्त्र द्वन्द्वका पीडित महिलाले नेपाली कागज बनाउन थालेका छन् । महिलाले केराको थामबाट नेपाली कागज निर्माण थालेका हुन् । द्वन्द्व प्रभावित महिलाले समूहमार्फत कागज निर्माण कार्य थालेका हुन् । टीकापुरमा ३९ सदस्यीय द्वन्द्वपीडित महिला सञ्जाल निर्माण भएको छ । सञ्जालले घाइते तथा अन्य काम गर्न नसक्ने १० जना महिलालाई उद्योगमा रोजगार दिएको छ । आम्वासकी कृष्णादेवी चौधरी अहिले घरबाटै नेपाली कागजको लिफाफा अथवा खाम बेच्छिन । गाउँमै पाइने केराको थामबाट नेपाली कागज उत्पादन गरी खाम तयार गरेर उनले घरबाटै बेच्न थालेकी हुन् । कागज बनाउन गाउँ घरमा सहजरुपमा पाइने केराको थाम, बाबियो र लोक्ताको प्रयोग गरिन्छ । प्रशोधनसहित महिलाले गाउँमै नेपाली कागज उत्पादन गरिरहेका छन् । अन्य रोजगार गर्न नसक्ने घाइते महिलाले सामूहिक रुपमा नेपाली कागज उत्पादन गर्ने कार्य गरिरहेका द्वन्द्व पीडित महिला आशा चौधरीले बताइन ।

### नाका सञ्चालन गर्न सुझाव

वीरगञ्ज । कोरोना महामारी रोकथामका लागि गत कार्तिक ६ गतेदेखि छिमेकी मुलुक भारतले आफ्ना सम्पूर्ण अन्तराष्ट्रिय सीमानाका खोल्यो । तर, नेपाल सरकारले भने कात्तिक २९ सम्म नाका नखोल्ने निर्णय गरेको छ । नेपालतर्फ नाका बन्द रहे पनि जनजीवनका लागि आवश्यकता र बाध्यताका कारण मानिसको आवागमन जारी रहेको सरोकारवालाको भनाइ छ । सीमानाका एकतर्फी रुपमा बन्द रहँदा त्यसको प्रतिकूल असर जनजीवन र अर्थतन्त्रमा परेको उनीहरुको टीप्पणी छ । अर्थतन्त्र चलायमान गराउन पनि व्यवस्थित ढंगले नाका खोलिनुपर्छ । मानिसको आवागमन रोकिएको छैन, लुकीछिपी आइरहेका छन्, गइरहेका छन् । त्यसलाई व्यवस्थित गर्न जरुरी रहेका स्थानीय सरोकारवालाहरुको भनाइ छ ।

### भेरी अस्पतालका तीन कर्मचारी पक्राउ

नेपालगञ्ज । कोरोना भाइरसको पिसिआरको गलत रिपोर्ट दिने कार्यमा संलग्न रहेको आरोपमा भेरी अस्पताल नेपालगन्जका ३ जना कर्मचारी पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय बाँकेको टोलीले बुधबार अस्पतालको आइसोलेसन वार्डका हेल्फर विवेक अधिकारी तथा सेकुरिटी गार्ड बासुदेव जोशी र बद्री खनाललाई पक्राउ गरेको छ । पोजेटिभलाई नेगेटिभ र नेगेटिभलाई पोजेटिभ बनाएर पिसिआर रिपोर्ट दिएको उनीहरु माथी आरोप छ । पक्राउ परेका व्यक्तिलाई सरकारी किर्ते र अख्तियार दुरुपयोग गरेको अभियोगमा कानुनी कारबाही हुने जनाइएको छ । उनीहरुले सेवाग्राहीसँग मोटो रकम लिएर केही समयदेखि गलत रिपोर्ट दिदै आएका थिए ।

# पूर्व-पश्चिम राजमार्गका अधिकांश पक्की पुल जीर्ण

महोत्तरी । पूर्वपश्चिम राजमार्गअन्तर्गत महोत्तरीमा रहेका अधिकांश पक्की पुल जीर्ण बन्दै गएका छन् । जिल्लामा पर्ने सानाठूला नदी र खोल्साखोल्सीका पुल जीर्ण बनेको र समयमै मर्मत हुन नसक्दा थप जोखिमपूर्ण यात्रा गर्न यात्रु बाध्य भएका छन् । महोत्तरी र धनुषासँग जोडिएको रातु तथा महोत्तरी र सर्लाहीसँग जोडिएको बाँके नदीसहित त्यसको बीचमा पर्ने १८ किलोमिटरभित्रका सबैजसो पुलमा ठूलठूला भ्वाङ्ग परेपछि सडक दुर्घटनाको जोखिम बढेको हो ।

रातु नदीका २०७५ सालमा बनेको नयाँ पुलमा अहिले सयौं ठाउँमा भ्वाङ्ग (दुला र खोबिल्टा) बनेका छन् । २५० मिटर लम्बाइ र १०.९० मिटर चौडाइको सो पुल २०७५ असोजमा सञ्चालनमा आएको थियो । सञ्चालनमा आएको एक वर्ष नपुग्दै २०७६ सालको प्रारम्भमै सो पुलमा भ्वाङ्ग पर्न लागेको थियो । अहिले यो पुलमा १०० भन्दा बढी ठूलठूला भ्वाङ्ग परेका हुन् । यो नयाँ पुल कालिका टु दी रसुवा जेवी कम्पनी काठमाडौंले रु २४ करोड ६० लाखमा ठेक्का बोलकबोलअनुसार निर्माण सम्पन्न गरेको हो ।

नयाँ पुल निर्माण भएको एक वर्षभित्रै कैयन पटक टालटुल गर्नु परेको यो पुलमा कमसल निर्माण सामग्रीको प्रयोगले चाँडै धरापजस्तै बनेको बर्दिवासवासी बताउँछन् । यसअघि २०७६ साल पुस मसान्तभित्र निर्माण सम्पन्न गर्ने सम्झौता भएको यो पुल एकबर्ष चार महिनाअगावै निर्माण सम्पन्न गरेको भन्दै सबैले प्रशंसा गरेका थिए ।

तर, पुल प्रयोगमा आएलगत्तै खाल्डाखुल्डी बढ्दै गएर ठूलठूला भ्वाङ् देखिएपछि निर्माणमा कमसल समान प्रयोग भएको हुनसक्ने आशङ्का सर्वसाधारणमा बढेको हो । "धमाधम काम गरेर तोकिएको समय अगावै निर्माण सम्पन्न गर्दा खुशी भएका थियौं", बर्दिवास नगरपालिका-१ का वडाध्यक्ष चुडामणि पोखरेलले भने, "तर आवागमन खुलेको एक वर्ष नपुग्दै धेरै खाल्डाखुल्डी भएका छन्, यसले कामको गुणस्तरमा प्रश्न उब्जाएको छ ।"

नदीको पुरानो पुल बाढीले भासिएपछि ठेक्का बन्दोबस्तबाट काम हुनेगरि २०७३ साल असार २९ गते कालिका टु दी रसुवा जेवी काठमाडौंले सम्झौता गरेर काम थालेको थियो । विसं २०७५ पुस मसान्तमा पुल निर्माण सम्पन्न गर्ने सम्झौता भएपनि यो पुल २०७५ भदौमै काम सम्पन्न भएर लाग्दो असोजमै आवागमन खुलेको थियो । पूर्वपश्चिम राजमार्गको रातु नदीमा २०२६ सालमा बनेको पुल २०७१ सालको बाढीले खाँबा (पाया) भासिएपछि आवतजावतमा कठिनाइ भएसँगै सरकारले नयाँ पुल निर्माण गर्ने प्रक्रिया बढाएको थियो ।

पुलमा कालोपत्र उप्केर ठूलठूला भ्वाङ्ग बनेपछि अहिले निर्माण कम्पनीले गुणस्तरीय काम नगरेको आम गुनासो बढेको छ । तर, निर्माण कम्पनीका तर्फबाट पुल निर्माणका साइट इञ्चार्ज रहेका कृष्ण ढुङ्गेलले आफ्ना तर्फबाट कमसल समान प्रयोग गरेको नभइ रङ्गरोगन गर्ने बेलाको असावधानीले कालोपत्र उप्केर भ्वाङ्ग परेको हुन सक्ने बताए ।

"हामीले रातदिन नभनी गुणस्तरीय निर्माण सामग्रीको प्रयोग गरेर नै पुल निर्माण गरेका हौं", पुलमा बनेका भ्वाङ्गबारे उनले भने, "रङ्गरोगन गर्ने फरक कम्पनीले काम गर्दा 'थिनर' भनिने केमिकल (पदार्थ) बढी प्रयोग गरेकाले कालोपत्र उप्केर भ्वाङ्ग परेको हो ।" कालोपत्र उप्किएर भ्वाङ्ग पर्न थालेको पुलमा अहिलेसम्म दर्जनौं पटक टालटुल पारिदै आएको पुल नजिकका बासिन्दाको भनाइ छ । रातु पुलमात्र नभएर जिल्लाभित्रका पूर्वपश्चिम राजमार्गमा पर्ने जङ्गा, टुटेश्वर, खयरमारा, गणन्ता, ढुङ्गे, ढोलनखोला र बाँके नदीसहितका पुल पनि दिनानुदिन भ्वाङ्ग बढेर धराप बन्दै गएका छन् । यीमध्ये जङ्गा र मरहा क्रमशः दुई र तीन वर्षअघि पुनःनिर्माण भएका हुन् । यीबाहेक ससाना खोल्सीका पुलहरु पनि भत्कदैछन् । भब्सी नदीमा गतवर्षको बर्खामा लडाएको पुलको ठाउँमा अहिले बेलिब्रिजबाट आवागमन चलेको छ । पुलहरुको यो अवस्थासँगै राजमार्गको पिच (कालोपत्र) उप्केर जताततै खाल्डाखुल्डी बढेका छन् । पूर्वपश्चिम राजमार्गमा सडक र पुलको दुरावस्था बढ्दै गएपनि सम्बद्ध निकायले चासो र वास्ता नगरेको यस भेगका सर्वसाधारणको गुनासो छ ।

यसैबीच राजमार्ग र सडकको मर्मतसम्भारको जिम्मेवारी लिएका सडक डिभिजन कार्यालय मुजेलियाले यसपाली कोभिड-१९ सङ्क्रमणका सन्त्रासले यस्ता काम प्रभावित बनाएको स्वीकार गरेको छ । अब दिपावली र छठ पर्व सम्पन्न भएसँगै पुल र सडकको मर्मतसम्भारको काम थालिने डिभिजन कार्यालयले जनाएको छ । धेरै पुलको आयु खस्किसकेको छ । पुलमा प्रयोगमा आउने स्टिल विशेष खालको भएकाले लन्डनबाट खरिद गर्नुपर्ने आवश्यकता रहेको प्राविधिकको भनाइ छ । विसं २०४० मा राजमार्ग निर्माण गर्दै गर्दा बनाइएका तीपुलको मर्मत सुधार गर्नुपर्ने बेला भएको प्राविधिक बताउँछन् । राजमार्ग क्षेत्रमा बनाइने यस्ता पुलको औसत आयु ४० देखि ५० वर्ष भए पनि स्टिल ब्रिजमा आधारित पुल अहिले भाँचिन थालेका छन् । अरु पुल पनि भाँचिने विज्ञको भनाइ छ । महाभारत र चुरे क्षेत्रबाट बग्ने खोलामा ढुङ्गा, गिट्टी र बालुवा निकासीमा सावधानी नअपनाउँदा पनि पुलको अवस्था कमजोर बनेको हो । बेला बेलामा सामान्य रुपमा टालटुल पारेर मात्र मर्मत गरिएकाले पुल जीर्ण हुँदै गएको स्थानीयवासीको आरोप छ । बढी भारका कारण राजमार्गका अधिकांश पुल कमजोर भएको प्राविधिकको भनाइ छ ।

सडक डिभिजन कार्यालयका अनुसार पुल जीर्ण रहेको अवस्थामा १८ टनभन्दा बढी भार बोक्न हुँदैन् तर यहाँ ४० टनसम्म भार बोकिने र त्यसलाई रोक्न प्रहरी प्रशासनले कडाइ नगर्दा पुल भाँचिने गरेको छ । कतिपय पुल साँघुरा भएका कारण ठोक्किँदा कच्ची हुने गरेका छन् ।


शुभ दीपावली, छठ-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जमिरुद्दिन मन्सूर**
**मेयर**
**हरिपुर नगरपालिका, पर्सा, प्रदेश २**

शुभ दीपावली, छठ-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**लोकनारायण यादव**
**मेयर**
**पर्सागढी नगरपालिका, पर्सा, प्रदेश २**

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

**यसबाट बच्ने उपायहरु :**

o कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
o अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने।
o खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
o कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
o जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
o सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
o ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
o कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

शुभ दीपावली, छठ-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**संजय कुमार सिंह**
**मेयर**
**मनरासिस्वा नगरपालिका**
**महोत्तरी, प्रदेश २**

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

**यसबाट बच्ने उपायहरु :**

o कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
o अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने।
o खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
o कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
o जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
o सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
o ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
o कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

शुभ दीपावली, छठ-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सियाराम राय**
**मेयर**
**हरिपूर्वा नगरपालिका**
**सर्लाही, प्रदेश २**

## संक्षिप्त समाचार

### गजेन्द्रनारायण सिंह अस्पतालमा सिटी स्क्यान मेसिन

सप्तरी । राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा सिटी स्क्यान मेसिन जडान गरिएको छ । संघीय सरकारको सहयोगमा अस्पतालमा अत्याधुनिक सिटी स्क्यान मेसिन जडान गरिएको झाले बताए । 'यो सिटी स्क्यान मेसिन काठमाडौंको वीर, टिचिङ्ग र वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मात्रै छ,' उनले भने, '१ सय २८ स्लाइसको एन्जिओग्राफिक यो मेसिनले मुटुको समेत परीक्षण गर्न सकिनेछ ।' अस्पतालमा सिटी स्क्यानको मेसिन नहुँदा बिरामीलाई बाहिर सिटी स्क्यान गराउनुपर्ने बाध्यता रही आएको थियो ।

### बर्दिवास अस्पताललाई पीसीआर मेसिन

बर्दिबास । रोटरी क्लब बर्दिबासले महोत्तरीस्थित बर्दिबास अस्पताललाई एक थान पीसीआर मेसिन उपलब्ध गराएको छ । क्लबका अध्यक्ष हिरा गौतमले बर्दिबास नगरपालिका मेयर बिदुर कुमार कार्कीलाई कोरोना महामारी नियन्त्रणका लागि स्वास्थ्य उपकरण हस्तान्तरण गरेको हो । 'बर्दिबास अस्पताल प्रदेश २ को केन्द्रमा पर्छ । त्यसैले लाखौंको मेसिन हामीले अस्पताललाई सहयोग स्वरुप दियौं,'अध्यक्ष गौतमले भने, 'शिक्षा, स्वास्थ्य, शान्ति निर्माणको तहमा रोटरी क्लबले काम गर्दै आएको छ ।' रोटरी इन्टरनेशनलबाट रोटरी क्लब बर्दिबासलाई प्राप्त १ थान पीसीआर मेसिन, ल्यापटप र यूपीएस अस्पताललाई प्रदान गरिएको रोटरी क्लब बर्दिबसका सेक्रेटरी बिष्णु पुरिले जानकारी दिए ।

### सीमामा प्रहरी परिचालन

कञ्चनपुर । तिहारका लागि भारतबाट लुकिछिपी अवैध रुपमा पटाकालगायत विष्फोटक पदार्थ भित्र्याउन नदिन कञ्चनपुर प्रहरीले तालिमप्राप्त कुकुरसहित प्रहरी परिचालन गरेको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक अमरबहादुर थापाले तिहार र छठ पर्वमा भारतीय बजारबाट पटाका ल्याउन नदिन र सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर धनगढीबाट तालिमप्राप्त कुकुर मगाएर सीमा, बजार र बसपार्क क्षेत्रमा खटाइएको जानकारी दिए । भारतसँग सीमाना जोडिएको कञ्चनपुरमा चाडपर्वमा शान्ति सुरक्षा कायम गर्न प्रहरीले यहाँ सीमामा पहिलो पटक तालिम प्राप्त कुकुरसहितको जनशक्ति परिचालन गरेको हो । जिल्ला प्रहरी कार्यालयको टोलीले एक साताअघि महेन्द्रनगर बजार क्षेत्रबाट रु डेढ लाख बराबरको ६ बोरा पटाका बरामद गरेको थियो ।

### पटाकासहित एकजना पक्राउ

वीरगञ्ज । भारतबाट तस्करी गरी ल्याइएको पटाकासहित वीरगञ्जबाट एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका १७ अलौ बस्ने ३२ वर्षका विनोद सहनी रहेका छन् । सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले सहनीको घरमा बक्स पलगभित्र लुकाएर राखिएको अवस्थामा पटाका बरामद गरेको हो । सहनीको घरबाट विभिन्न ब्राण्डका १ सय ४१ प्याकेट पटाका प्रहरीले बरामद गरेको हो। पटाकासहित पक्राउ परेका सहनीलाई विस्फोटक पदार्थ सम्बन्धी कसुर शीर्षकमा मुद्दा दर्ता गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### मोबाइलको व्याट्री र डिस्प्लेसहित दुई जना पक्राउ

रुपन्देही । सिद्धार्थनगर नगरपालिका-१२ आवरोडबाट भन्सार छलि भारतबाट ल्याउँदै गरेको करिब १ लाख २५ हजार रुपैयाँ मूल्य बराबरको सामानसहित प्रहरीले पक्राउ गरेको छ । २ सय ५० थान मोबाइलको व्याट्री र ५९ थानमोबाइलको डिस्प्लेसहित २ जनालाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सिद्धार्थनगर नगरपालिका-६ बस्ने २८ वर्षीय संजय जैसवाल र तिलोत्तमानगरपालिका-१७ बस्ने २६ वर्षीय प्रबिन गैरे रहेका छन् ।

### टिपरको ठक्करबाट एक जनाको मृत्यु

कपिलवस्तु । जिल्लाको बुद्धभूमि नगरपालिका-९ ईमिलियास्थित सडकमा टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । रा.१ख१६९३ नम्बरको टिपरले मंगलबार बिहान लु.२९प६५२१ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक शिवराज नगरपालिका-११ थुनिया बस्ने ४९ वर्षीय सुरेश तेलीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको स्थानीय बुद्धपोली क्लिनिक गोरुसिंङ्गेमा सामान्य उपचार पश्चात जिल्ला अस्पताल तौलिहवामा थप उपचारको क्रममा मृत्यु भएको हो । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### स्वदेशमा काम नपाएपछि भारत जान बाध्य

नेपालगन्ज । स्वदेशमा काम नपाएपछि रोजगारीका लागि भारत जानेको लर्को देखिन्छ । अहिले चाडपर्वको बेला भएपनि कोरोनाका कारण स्वदेशभन्दा भारत नै रोज्नुपर्ने बाध्यता छ । बाँकेको जमुनाह नाकाबाट बालकदेखि वृद्धसम्म कामको खोजीमा भारत जाने गरेका छन् । उनीहरु कोरोना कहरले स्वदेशमा काम नपाएपछि भारत जान लागेका हुन् ।

### नि:शुल्क उपचार गर्न नसकिने

धनगढी । सुदूरपश्चिम स्वास्थ्य निर्देशनालयले प्रदेशका नौ वटै जिल्लामा कोभिड-१९ को व्यवस्थापन तथा नि: शुल्क उपचारका लागि असारसम्मको खर्च ३ अर्ब आवश्यक पर्ने जनाएको छ । बजेट सुनिश्चित नभए अस्पतालहरुले कोरोना संक्रमितको नि: शुल्क उपचार गर्न नसक्ने निर्देशनालयका अधिकारीहरुको भनाइ छ । बजेटको व्यवस्था गर्न निर्देशनालयले मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको छ । निर्देशनालयले संक्रमितको उपचारका लागि दैनिक ३३ हजार १ सय ७५ रुपैयाँ खर्च आवश्यक परिरहेको उल्लेख गरेको छ ।

### सार्वजनिक यातायात बन्द

मोरङ । सार्वजनिक यातायात महासंघले आइतबारदेखि प्रदेश १ मा अनिश्चितकालीन यातायात बन्दको घोषणा गरेको छ । सार्वजनिक यातायातले बन्दको आह्वान गरेपनि अर्को व्यवसायी संस्था नेपाल राष्ट्रिय यातायात महासंघ आबद्ध सवारीसाधन भने बन्द नहुने भएको छ । विभिन्न यातायात व्यवसायी संस्थालगायत अन्य यातायातसँग बिनाछलफल एक पक्षीय निर्णय गरेको भन्दै राष्ट्रिय यातायात महासंघआबद्ध सवारीसाधन बन्द नहुने बताएको हो ।

### धान खरिद गर्ने तयारी

बाँके । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगन्जले तिहारपछि खरिद गर्ने तयारी गरेको छ । बाँकेमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीले धान खरिद गर्नुअघि व्यापारीले गाउँगाउँ गएर धान खरिद गरिरहेका छन् । उत्पादन गरेको धान भण्डारण गर्न कठिन हुने भन्दै किसानले धान उत्पादन गर्ने बित्तिकै बिक्री गर्न सुरु गर्ने गर्छन् । चाडपर्वका बेला किसानलाई आर्थिक रकम आवश्यक पर्ने भएकाले पनि धान बिक्री गर्ने गरेका छन् । तर खाद्य संस्थाले भने किसानको हितलाई ध्यानमा राखेर आगामी मंसिर ७ देखि बाँकेमा धान खरिद गर्ने तयारी गरेको जनाएको छ ।

### सुदूरपश्चिममा आइसियु र भेन्टिलेटर अभाव

धनगढी । सुदूरपश्चिम प्रदेशमा उपचार पाउन नसक्ने अवस्था देखिएको छ । गम्भीर प्रकृतिका लक्षणसहित संक्रमित बढेपछि सुदूरपश्चिममा भएका सीमित आइसियु, भेन्टिलेटर र आइसोलेसन बेड भरिभराउ छन् । आइसियु र भेन्टिलेटर नपाएर कयौं संक्रमित समस्यामा परेका छन् । सुदूरपश्चिमको रेफरल अस्पतालका रुपमा रहेको सेती प्रादेशिक अस्पतालका १५ वटै आइसियु बेड भरिएका छन् । जसका कारण आइसियु आवश्यक पर्ने अन्य संक्रमित उपचारबाट वञ्चित भएका छन् ।

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

**यसबाट बच्ने उपायहरु :**

o कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
o अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने।
o खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
o कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
o जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
o सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
o ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
o कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

शुभ दीपावली, छठ-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**हरिनारायण प्रसाद साह**
**अध्यक्ष**
**परवानीपुर गाउँपालिका**
**बारा, प्रदेश २**

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

**यसबाट बच्ने उपायहरु :**

o कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
o अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने।
o खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
o कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
o जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
o सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
o ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
o कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

शुभ दीपावली, छठ-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**हरेराम यादव**
**अध्यक्ष**
**रुपनी गाउँपालिका**
**सप्तरी, प्रदेश २**

शुभ दीपावली तथा छठ-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गजेन्द्र ठाकुर**
**अध्यक्ष**
**नेपाल नाई ट्रेड युनियन**

शुभ दीपावली, छठ–२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई–दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मानबहादुर खड्का**
**मेयर**
**लालबन्दी नगरपालिका, सर्लाही, प्रदेश २**

शुभ दीपावली, छठ–२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई–दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**हरिनारायण चौधरी**
**मेयर**
**धनगढीमाई नगरपालिका, सिरहा, प्रदेश २**

**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**शुभ दीपावली, छठ–२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई–दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**सन्तोष कुमार मेहता**
**मेयर**
**ईशनाथ नगरपालिका**
**रौतहट, प्रदेश २**

**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**शुभ दीपावली, छठ–२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई–दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**मुक्तिनाथ चौधरी**
**मेयर**
**सुरुङ्गा नगरपालिका**
**सप्तरी, प्रदेश २**

**विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं**

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**प्रदेश नं. २, धनुषा, नेपाल**
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com

# नियमित रेल सञ्चालनको तयारी

जनकपुरधाम । जनकपुर-जयनगर रेलमार्गमा नियमित रेल सञ्चालनका लागि तयारी अघि बढाइएको छ । गत महिना भारतबाट रेल आएसँगै नियमित सञ्चालनका लागि जनशक्ति व्यवस्थापन, कानुन निर्माण, आवश्यक पूर्वाधार लगायतको तयारी भइरहेको हो ।

कोभिड-१९ संक्रमणका कारण तत्काल रेल सञ्चालन गर्न नसकिने भए पनि स्थिति सहज हुनासाथ जनशक्ति व्यवस्थापन गरी सञ्चालनका लागि तयारी भइरहेको नेपाल रेल्वे कम्पनीले जनाएको छ ।

सरकारले संक्रमण नियन्त्रणका लागि सीमामा आवतजावत रोकेकाले अन्तरदेशीय हाल रेल सञ्चालन गर्न नसकिने कम्पनीका महाप्रबन्धक गुरु भट्टराईले बताए ।

तत्कालका लागि देशभित्रै मात्र पनि रेल सञ्चालन गर्न सकिने तर त्यसका लागि जनशक्तिको आवयश्कता परेको उनको भनाइ छ । 'आउँदो पुसको रामनवमी पर्वका अवसर त्यस क्षेत्रमा रेल सञ्चालन गर्ने गरी छलफल भइरहेको छ ।'

रेल सञ्चालनका लागि नेपाल रेल्वे कम्पनीले करारमा कर्मचारी नियुक्ति प्रक्रिया अघि बढाएकामा लोक सेवा आयोगले ठूलो संख्यामा करारमा नियुक्ति गर्दा पछि समस्या आउन सक्ने बताएपछि अब स्थायी नियुक्ति गर्ने योजना बनाइएको महाप्रबन्धक भट्टराईले बताए ।

लोक सेवाको प्रक्रियाबाट पदपूर्ति गर्दा केही महिना लाग्न सक्ने भएकाले तत्कालका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले करारमा कर्मचारी पठाउने भएको उनले जानकारी दिए ।

रेल सञ्चालनका लागि प्राविधिक, प्रशासन, कानुनलगायत समूहबाट झण्डै डेढ सय कर्मचारी आवश्यक रहेको बताइएको छ । रेल चलाउन दक्ष जनशक्ति भने भारतीय हुनेछन् ।

कम्पनीले रेल सञ्चालनका लागि २६ जना प्राविधिक कर्मचारी भारतीय ल्याउन रेल निर्माण गरेको त्यहाँको सरकारी कम्पनी कोनकान कम्पनीसँग कुराकानी भइरहेको बुझिएको छ । कम्पनीले रेल पठाउँदादेखि नै आवश्यक जनशक्ति पठाउने तयारी गरेको थियो ।

नेपालमा रेल चलाउने दक्ष जनशक्ति नभएकाले भारतमा रेलमा नै पहिले काम गरेका अनुभवी कर्मचारीलाई केही वर्षका लागि ल्याउन लागिएको छ । आधुनिक रेल सञ्चालनका लागि प्राविधिको ज्ञान भएको जनशक्ति चाहिन्छ ।

अहिले तत्काल नेपालमा रेलसम्बन्धी कानुनको समेत अभाव छ । रेल्वेसम्बन्धी ऐन २०२० पुरानो भएकाले नयाँ विधेयक संसद्मा पेस हुँदैछ । रेल सञ्चालनपछि त्यस क्षेत्रका जनता र व्यापारीलाई यातायातमा सहज हुने अपेक्षा गरिएको छ ।

अहिले पनि सवारीसाधन सञ्चालन भइरहेकामा रेलले यातायातमा अझै सुविधा दिनेछ । सरकारले उक्त रेलमार्ग बर्दिवाससम्म पुग्ने र पूर्वपश्चिम रेलमार्ग पनि बर्दिवास जाने भएकाले त्यहाँ पुगेर जोड्ने योजना लिएको छ ।

भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको सो रेलमार्गमा सञ्चालनका लागि गत असोज २ गते दुई सेट डेमो ट्रेन आएको थियो । सो रेलमा एक हजार २०० देखि एक हजार ३०० सम्म यात्रु बसेर र उभिएर गरी यात्रा गर्न सक्ने रेल विभागले जनाएको छ ।

यात्रुवाहक रेल भएकाले यात्रुको झोला र सामान्य सामान मात्रै राख्न सकिनेछ । नेपालमा राणाकालमा विसं १९८४ तिर भारतको रक्सौलदेखि नेपालको अमलेखगञ्ज तथा विसं १९९४ तिर जयनगरदेखि जनकपुरसम्म रेलसेवा थियो । लामो समय अवरूद्ध उक्त रेलसेवा वर्तमान सरकारको 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षासँगै अघि बढेको हो ।

अहिले कुर्थाबाट जयनगरसम्मको रेलमार्गको निर्माण गत वर्ष नै सकिएको थियो । कुल ३५ किमी लम्बाइमा रेल सञ्चालन हुनेछ । कुर्थादेखि बिजुलपुरासम्म थप १७ किमी रेलमार्ग निर्माण अन्तिम चरणमा पुगेको छ । बिजलपुरासम्म गरी ५२ किमीमा छिट्टै रेल सञ्चालन हुने विभागले जनाएको छ ।

## नेपाल-चीन सीमा विवादबारे चिनियाँ मुखपत्रको गैरजिम्मेवार भनाइ

काठमाडौं । चीन सरकारको पत्रिका ग्लोबल टाइम्सले चीनले नेपालको सीमा मिचेको भनेर झुटो खबर फैलिएको दाबी गर्दै यस्तो समाचार फैलिनुमा नेपाली कांग्रेस, भारतीय र पश्चिमा मिडियाको हात रहेको आरोप लगाएको छ । पत्रिकाले लामो रिपोर्ट प्रकाशित गर्दै चीनले सीमा मिचेको झूठो खबर फैलिनुमा नेपाली कांग्रेसको मुख्य हात रहेको दाबी गरेको छ । उक्त पत्रिकाले केही नेपाली विज्ञहरूलाई पनि उल्लेख गरेको छ । साथै, नेपाली कांग्रेसलाई प्रो-इन्डियन पार्टीको संज्ञा दिएको छ । चीनको मुखपत्र भनेर चिनिने ग्लोबल टाइम्सले रिपोर्टमा कांग्रेस नेता एवम् कर्णाली प्रदेशसभा सदस्य जीवनबहादुर शाहीलाई मुख्य आरोप लगाएको छ । शाहीले चीन विरोधी भूमिका खेल्न पहल गरेको पत्रिकाले दाबी गरेको छ । शाहीको उक्त भ्रमणपछि भारतीय र पश्चिमा मिडियाहरुले बेनामे स्रोतको हवाला दिँदै चीनले नेपालको सीमा मिचेको सम्बन्धमा समाचार प्रकाशित गरेको पत्रिकाले दाबी गरेको छ । ग्लोबल टाइम्सले नेपालीमा अदृश्य वैदेशिक लगानी रहेको र भारतीय र पश्चिमाहरु आफ्नो प्रभाव जमाउन कोशिश गरेको समेत दाबी गरेको छ ।

## नेपालविरुद्ध...

एक र बढीमा दुईवटामात्रै कन्टेनर चिनियाँ पक्षले नेपाल भित्रन दिइरहेको छ । नेपालतर्फ कुनै समस्या नहुँदा समेत सहज रुपले सामान नभित्रिदा नेपाल सरकारले कुटनितिक पहल नै गर्न नसकेको भन्ने प्रष्ट छ ।' सीमा नाकामा अत्यधिक भाडा वृद्धि र सिण्डिकेट समेतको अन्त्य गरी कुटनीतिक पहलबाट नाका सहज बनाउन हामी सरकारलाई आग्रह गर्दै समस्या समाधान नभए नाकामै धर्ना बस्ने व्यवसायीहरुले चेतावनी दिएका छन् ।

विज्ञप्तिमा भनिएको छ,'कुटनीतिक पहलबाट नाका सहज बनाउन सरकार समक्ष विनम्र अनुरोध गर्न चाहन्छौं । यदि यि समस्याहरु समाधान नहुने हो भने महासंघमा आवद्ध उद्योगी-व्यवसायीहरु नाकामै गएर धर्ना बस्न बाध्य हुने चेतावनी समेत दिन चाहान्छौं ।'

कोरोनाका कारण देखाउँदै चीनले नेपालसँगको सिमानाका बन्द गरेका कारण १० महिनादेखि नेपाली व्यवसायीहरुको सामान चिनिया नाकामै रोकिएको व्यवयासीहरुले बताएका छन् ।

## राजकुमारलाई...

नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार र कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १ (नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय) लाई महान्यायधिवक्ताको कार्यालयमार्फत तथा विपक्षी २ (प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, बागमती प्रदेश), विपक्षी ३ (प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश) र विपक्षी ४ (प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौडामा कार्यरत बरिष्ठ जनस्वास्थ्य प्रशासक सतिश विष्ट) लाई बागमती प्रदेशको मुख्यन्यायधिवक्ता कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरुका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई सोको बोधार्थ महान्यायधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु, न्यायधीश श्री हरिकृष्ण कार्कीको एक न्यायधीशको इजलासले कार्तिक २१, २०७७ को पत्रमा उल्लेख गरिएको छ ।

नेपालको संविधानको प्रस्तावना र धारा २४ मा मौलिक हकको रुपमा प्रावधान गरीएको छुवाछुत र भेदभाव विरुद्धको हकको बुंदा ४ र धारा ३३ को रोजगारीको हकमा आधात पुग्ने गरी सामाजिक विकास मन्त्रालय र त्यहां कार्यरत सतिश विष्ट तथा डब्लुएचओले राज कुमार महतोलाई जातीय विभेद, उत्पीडन र अन्याय गरी जागीरबाट हटाउने कार्यको विरुद्ध महतोले सर्वोच्च अदालतमा मुद्दा दर्ता गराएका थिए । नेपालको संविधानको प्रस्तावना र धारा २४ मा मौलिक हकको रुपमा प्रावधान गरीएको छुवाछुत र भेदभाव विरुद्धको हकको बुंदा (४) मा जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन भन्ने उल्लेख छ ।

सो मर्म विपरीत सतिश विष्टजीले प्रदेश सरकारको जिम्मेवार तथा उच्च पदस्थ भएर पनि मेरो रङ्ग र जातीको आधारमा मलाई मानसिक यातना, कार्यस्थल उत्पीडन, जातीय विभेद गर्नुभएको मेरो बुझाई छ, महतोले बताए । नेपालको संविधानको धारा १८ समानताको हक अनुरुप म मधेशी समुदायको रहेकोले मलाई सकारात्मक संरक्षण, सशक्तिकरण र विकास गर्नुको साटो मलाई निरन्तर उत्पीडन गर्नुभई आफनो पद र अख्तियारीको दुरुपयोग गर्नु भएको छ, महतोले जनाए । नेपालको विभिन्नकानुनहरुमा र मुलुकी संहिता समेतमाजातीयविभेद गर्न पाईदैन भन्ने व्यवस्था गरीएको छ । महतोले भने, 'आईएलओ कन्भेन्सन जसमा नेपालले हस्ताक्षर र अनुमोदन गरेको छ, त्यस कन्भेन्सनमा प्रावधान गरिएको व्यवस्था विरुद्ध पनि सतिश विष्टजीले मलाई जातीय विभेद गरी षडयन्त्रमुलक तरीकाले कोविड १९ महामारी र आर्थिक संकटको बेला मानवीय पक्षलाई बिर्सेर मेरो जागीर समाप्त पार्ने गलत कार्य गर्नु भएको छ ।'

## भारतीय...

पशुपतिनाथ र कुमारीको दर्शन गर्नु भनेको भारतीयहरुमा यस क्षेत्रप्रति कति आस्था र विश्वास रहेछ भन्ने स्पष्ट हुन्छ भने ।

नेपाल-भारतका सेनाबीच एकार्का देशका सेनाप्रमुखलाई मानार्थ महारथीको उपाधि प्रदान गर्ने परम्परानुरुप यहाँ आएका सेनाध्यक्ष नरवणेको नेपाल भ्रमणबाट दुईदेशबीच राजनीतिक र कूटनीतिक तहमा देखिएको संवादहीनता छिट्टै अन्त्य हुने अपेक्षा गरिएको छ । कोभिड-१९ को जोखिमका कारण मन्दिर प्रवेशका लागि ढोका बन्द रहे पनि उनले विश्वका हिन्दू धर्मावलम्बीका आस्थाको केन्द्र पशुपति क्षेत्र पुगेर बाहिरबाटै दर्शन गरेका थिए ।

पशुपति क्षेत्र विकास कोषका पूर्वसदस्य सचिव डा गोविन्द टण्डन भन्छन्, 'ढोका बन्द भएकाले उनले त्यहाँ पुगेर बाहिरबाटै भने पनि दर्शन गर्नु भनेको आराध्यदेव पशुपतिनाथप्रतिको ठूलो श्रद्धा सुमन र सम्मान हो ।' भारतीय सेनाध्यक्षले पशुपतिनाथको दर्शन गरेबाट यस क्षेत्रको महत्व उजार भएको बताउँदै उनले भने, 'बाहिरबाटै दर्शन गरेर पनि सेनाध्यक्षले आफूलाई अहोभाग्य सम्झिए, यस क्षेत्रको महत्व कति रहेछ भन्ने विश्वलाई जानकारी गराउन हामीले अब 'टेम्पल डिप्लोमेसी'को अवधारणा अघि बढाउनुपर्छ । यो सम्बन्ध सुधार गर्ने अर्को उचित बाटो पनि हुन्छ ।'

नेपालका कालापानी, लिपुलेक र लिम्पियाधुरा भारतले अतिक्रमण गरी आफ्नो राजनीतिक नक्शामा समेटेपछि नेपालले त्यसको विरोध गर्दै समस्या समाधान गर्न निरन्तर वार्ता र संवादका लागि पहल गरिरहेकै अवस्थामा भएको सेनाध्यक्षको यस भ्रमणबाट सम्बन्ध सुधारतर्फ राम्रो शुरुआतको सङ्केत देखिएको विश्लेषण गरिएको छ ।

राष्ट्रपति विद्यादेवी भण्डारीसँगको शिष्टाचार भेटमा मित्रवत् र बलियो सम्वन्ध कायम राख्न दुवै देशले निरन्तर मेहनत गर्नुपर्ने सन्देश लिएर उनी नयाँ दिल्ली फर्किएका छन् । मुलुकको कूटनीतिको एक हिस्सा र विगतमा सकारात्मक परिणाम हात पारेको अनुभवका आधारमा सैनिक कूटनीतिको प्रयोगबाट पनि नेपाल-भारतबीच पछिल्लो समय देखिएको संवादहीनताको गतिरोध अन्त्य गर्न कोशिश गरिएकाले सम्बन्ध सुमधुर तुल्याउन र विवाद मत्थर गर्न योगदान पुग्ने विश्वास गरिएको छ ।

नेपाली सैनिक मुख्यालयले दुवै देशका सेनाबीच रहिआएको अत्यन्तै सुमधुर सम्बन्धको सङ्केत गर्न उपहारस्वरुप शान्तिका दूत गौतम बुद्धको ठूलो प्रतिमा सेनाध्यक्षलाई प्रदान गरेको थियो । भारतीय सेनाले पनि कोभिड-१९ को जोखिमको सामना गरिरहेका नेपाली जनताको स्वास्थ्योपचारको पाटोलाई हेक्का गर्दै घुम्ती अस्पताल सञ्चालन गर्न आवश्यक एम्बुलेन्स, भेन्टिलेटरसहितका स्वास्थ्य सामग्री र उपकरण हस्तान्तरण गर्नाले शदिऔँदेखि दुई देशबीचको धार्मिक, सांस्कृतिक, सामाजिक र भाइचाराको गहिरो सम्बन्धलाई पुन प्रष्ट्याएको छ ।

दुई देशबीचमा कतिपय विषयमा रहेका समस्या संवादमार्फत नै समाधान हुने प्रधानमन्त्री केपी शर्मा ओलीबाट व्यक्त धारणाको सन्देश पनि लिएर उनी फर्किएका छन् । यसबाट नेपालले राजनीतिकस्तरको समस्या सुल्झाउन सकिने सन्देश पनि नेपाली जनताको अपेक्षानुरुप नै प्रवाह गर्न सफल भएको छ ।

नेपाल भ्रमणका क्रममा उनी सगरमाथा क्षेत्रको दृश्यावलोकन गर्ने क्रममा स्याङ्बोचेस्थित होटल एभरेष्ट भ्यू पुगेका थिए । नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मीले कोभिड-१९ बाट उत्पन्न यस्तो विषम अवस्थामा उनको सगरमाथा क्षेत्रको भ्रमणले नेपालको पर्यटन प्रबर्द्धनमा ठूलो सकारात्मक सन्देश दिएको प्रतिक्रिया दिए । उनले भने, 'सेनाध्यक्ष नरवणेको भ्रमणको भारतीय सञ्चारमाध्यमले पनि राम्रोसँग समाचार कभर गरेको हुनाले भारतीयमा सगरमाथा क्षेत्र नजीकको पर्यटन गन्तव्य रहेछ भन्ने सन्देश गएको छ। यो हाम्रो देशको पर्यटन प्रवर्द्धनका लागि ठूलो विज्ञापन हो, ठूलो अवसर हो ।'

## विश्व परिवेश

# नितिशकुमार फेरि मुख्यमन्त्री बन्दै



काठमाडौं । भारतको बिहार राज्यमा फेरि जनता दल युनाइटेड (एनडीए)को सरकार बन्ने निश्चित भएको छ ।

२ सय ४३ विधानसभाको लागि भएको चुनावमा एनडीएले १ सय २७ सिट जितेको छ । भारतीय जनता पार्टी र जनता दल युनाइटेडको गठबन्धन (एनडीए) मा जनता दल युनाइटेडले ४३ सिट र भारतीय जनता पार्टीले ७४ सिट जितेको बीबीसी हिन्दीले जनाएको छ ।

बहुमतका लागि चाहिने १ सय २२ सिटको आँकडा पार लगाउँदै भाजपा र जनता दल युनाइटेडको गठबन्धन (एनडीए) को सरकार बन्ने पक्का भएको हो । एनडीएका तर्फबाट सातौँ पटक अब नितिश कुमार नै बिहारको मुख्यमन्त्री बन्ने भारतीय सञ्चार माध्यमहरूले जनाएका छन् ।

एनडीएको टक्कर दिने महागठबन्धनले १ सय १० सिटमा जित निकालेको छ भने राष्ट्रिय जनता दलले ७५ सिटमा जितेको छ ।

बिहार विधानसभाको तीन चरणमा चुनाव सम्पन्न भएको थियो । कोरोना भाइरसका कारण चुनावको नतिजा प्रकाशनमा यस पटक केही ढिलाइ भएको निर्वाचन आयोगले जनाएको छ ।

कोरोना भाइरसका कारण सामाजिक दूरी कायम गर्नुपर्ने जनाउँदै यस पटक मतदान केन्द्रको सङ्ख्या ७२ हजार सात सय २३ वटा थप गरिएका कारण पनि चुनावी मतगणनामा ढिलाइ भएको बताइएको छ । बिहारमा गएको अक्टोवर २८, नोभेम्वर ३ र नोभेम्बर ७ मा तीन चरणमा चुनाव भएको थियो ।

## 'फ्रिक्सन एरिया' मा तत्काल बृहत सेना परिचालन गर्ने रणनीति

नयाँदिल्ली । भारत-चीन सीमा विवादका कारण दुबै मुलुकबीचको सम्बन्धमा समस्या देखिएको छ । सीमा समस्या समाधानका लागि भारत र चीनबीच पटकपटक सैन्य र कूटनीतिक वार्ता भए पनि कुनै निष्कर्ष भने निस्किन सकेको छैन । भारतले सीमा क्षेत्रका फ्रिक्सन एरियामा तत्काल बृहत रुपमा सेना परिचालन गर्ने रणनीति लिएको छ । सञ्चारकर्मीसँग कुरा गर्दै भारतको विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले दुबै मुलुक सीमा विवादको शान्तिपूर्ण समाधानका लागि वार्तामा रहेको बताए । उनले भने, 'तपाईलाई थाहा नै छ । भारत र चीन दुबै कूटनीतिक र सैनिक दुबै माध्यमबाट भारतको सीमा क्षेत्रमा एलएसीको समस्यालाई शान्तपूर्वक समाधान गर्न छलफल जारी छ । दुबै मुलुकमा विदेशमन्त्रीहरु बीच १० सेप्टेम्बर २०२० मा मस्कोमा भएको बैठकमा भएको सम्झौता अनुसार अघि बढ्ने छन् ।' 'दुबै पक्षले सैन्य र कूटनीतिक माध्यममार्फत संवाद र सञ्चार कायम राख्न र सकेसम्म छुट्टाछुट्टै पारस्परिक रूपमा स्वीकार्य समाधानमा पुग्ने भारतको चाहना रहेको दोहोऱ्याएका छन् । हामी चिनियाँ पक्षसँग निरन्तर वार्तामा छौं र थप जानकारी भएपछि तपाईंलाई जानकारी दिनेछौं', उनले भने ।

भारत-चीन सीमा मामिलासम्बन्धी परामर्श र समन्वयको लागि काम गर्ने संयन्त्रको १९ औं बैठक सेप्टेम्बर ३० मा सम्पन्न भएको थियो । त्यसपछि अक्टोबर १२ मा चुशुलमा वरिष्ठ कमाण्डरहरूको सातौं बैठक भएको थियो । जाडो बढ्दै गएपछि भारतीय सेनाले त्यसको पूर्ण तयारी गरेको छ । नयाँदिल्लीले पनि सीमा पूर्वाधार सुधार गर्ने काममा कुनै कसर बाँकी नराख्ने जनाएको छ । पछिल्लो समय भारतको नियन्त्रणमा रहेका चिनियाँ सेनालाई प्रोटोकल अनुसार नै फिर्ता गरिएकोसमेत भारतले जनाएको छ ।

## ब्राजिलमा चिनियाँ खोप परीक्षणमा रोक

काठमाडौं । चीनले निर्माण गरेको कोरोनाविरूद्धको खोपले गम्भीर असर निम्त्याएको भन्दै ब्राजिलमा भइरहेको परीक्षण रोकिएको छ । चिनियाँ कम्पनी साइनोभ्याक बायोटेकले निर्माण गरेको 'कोरोना भ्याक' खोपको अन्तिम चरणको परीक्षण रोकिएको हो । साइनोभ्याकले भने खोपको सुरक्षा सम्बन्धी सबै मापदण्ड पूरा गरेकाले समस्या नहुने दाबी गरेका छन् । इन्डोनेशिया र टर्कीमा पनि भइरहेको यो खोपको असरबारे त्यहाँ अहिलेसम्म जानकारी दिइएको छैन । इन्डोनेशियाको बायो फर्माले मंगलबार मात्र त्यहाँ जारी साइनोभ्याकको खोप ट्रायलमा कुनै समस्या नभएको जानकारी दिएको थियो ।

## जम्मु काश्मीर : सीमासम्म सडक बिस्तार

काठमाडौं । भारतको बोर्ड रोड अर्गनाइजेसन (बीआरओ) ३१ बीआरटीएफ-११० आरसीसीले राजौरीदेखि कोट्रान्का बुढालसम्मको ६० किलोमिटर राजमार्गको निर्माण कार्य सम्पन्न भएको छ । जम्मु-कश्मीरको एक दुर्गम पहाडी क्षेत्र पिरपञ्जाल रेन्जमा उक्त सडक निर्माण कार्य सम्पन्न भएको हो । सीमा क्षेत्रमा गरिएको ६० किलोमिटर सडक निर्माणले भने धार, सात्री, पञ्जनादा, रेहान, स्वाडी, र कण्डीजस्ता सयौं गाउँहरू राजौरी(कोट्रान्का बुढाल राजमार्गसँग जोडिएका छन् । राजमार्गमा निर्माण भएसँग सडकको दुबैतिर मानिसहरुले विभिन्न व्यापार( व्यवसायहरु सुरु गर्न थालेका छन् । मानिसहरुले स्टिल वेल्डिङ, फर्नीचर, मेकानिकल र अन्य धेरै यातायातसँग सम्बन्धित व्यवसायहरु सुरु गरेका छन् । 'हामी राजौरीको तहसिलबाट धेरै टाढा थियौं । यो राजमार्गले हामीलाई धेरै चीजहरू सम्भव तुल्याएको छ । पहुँच र यात्रा लचिलो भएकोले हामीले व्यवसाय सुरु गर्ने योजना बनाउन सक्छौं । चिकित्सा सुविधा समयमै प्रदान गर्न सकिन्छ र हामी यो भएकोमा प्रशासनलाई धन्यवाद दिन चाहन्छौं,' स्थानीय मुनिर मिर्जाले भने । स्थानीयहरूले भनेका छन् कि सडकले उनीहरूको दैनिक क्रियाकलापमा राहत दिनेछ किनकि यो एकदम खराब अवस्थामा हुन्थ्यो र धेरै दुर्घटनाहरू हुन्थ्यो । यो राजमार्गले हामीलाई ठूलो सहयोग गरेको छ । मानिसहरू अब राजौरीबाट छिट्टै आउन सक्दछन् । राजमार्ग वरपरको क्षेत्रलाई दुर्गम मानिन्थ्यो र यसरी राजमार्ग निर्माणले यस क्षेत्रको यस भागलाई मूलधारमा ल्याएको छ ।

## 'हाम्रा सेनाले उचित जवाफ दिइरहेका छन्'

काठमाडौं । भारतका रक्षा प्रमुख अर्थात् चिफ अफ डिफेन्स स्टाफ (सीडीएस) का प्रमुख विपिन रावतले आफ्ना देशका सेनाले पूर्वी लद्दाखमा चीनका सैनिकलाई उचित जवाफ दिइरहेको बताएका छन् । एक बेविनारमा रावतले भारत-चीन सीमा लद्दाखमा अहिले तनाव भइरहेको र चीनका सेनाको 'हर्कत'विरुद्ध भारतीय सेनाले भनेजस्तो जवाफ दिइरहेको दाबी गरेका हुन् । भारतीय पत्रिका दैनिक भास्करका अनुसार उनले भनेका छन्, 'हामी सीमा क्षेत्रस्थित वास्तविक नियन्त्रण रेखालाई परिवर्तन हुन दिँदैनौं ।' गत जुन १५ तारिख पूर्वी लद्दाखमा भारत र चीनका सेनाबीच झडप हुँदा २० भारतीय सैनिकको मृत्यु भएको थियो । तर चीनतर्फ के कति क्षति भयो अहिलेसम्म उसले आधिकारिक जानकारी दिएको छैन । त्यसयता दुई देशका सैनिकबीच पटकपटक वार्ता गरी सहमतिको प्रयास गरिए पनि अहिलेसम्म झगडा साम्य हुन सकेको छैन ।




## जापानी कम्पनीहरू चीन छोडेर भारतमा सर्दै

काठमाडौं । जापानले चीनमा उत्पादन गरिरहेका जापानी कम्पनीहरुलाई चीनबाट अन्य मुलुकमा सार्नका लागि अनुदान दिन थालेको छ । चीनमा भइरहेका अवैधानिक क्रियाकलापहरुका कारण जापानले चीनबाट आफ्ना कम्पनीहरुलाई अन्य देशमा सारिरहेको हो । यसबीच चीनमा उद्योग खोलेर उत्पादन गर्दै आएका दुई जापानीज कम्पनीहरुलाई त्यहाँबाट भारतमा सर्नका लागि जापान सरकारले सहयोग गर्ने भएको छ । टोयोटा सुशो र सुमिदालाई उनीहरुको उत्पादन बेस चीनबाट भारतमा सार्नका लागि जापान सरकारले आर्थिक सहयोग गर्ने भएको हो ।

ग्लोबल इन्भेष्टरसँग भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भेटका क्रममा यो कुराको घोषणा भएको हो । टोयटा सुशोले रेयर अर्थ मेटल्स (अत्यावश्यक दुर्लभ धातु)सम्बन्धी उद्योग र सुमिदाले सवारी साधनका पार्टपुर्जा उत्पादन सम्बन्धी उद्योगको काम गर्छ ।

भारतीय सरकारी अधिकारीहरुले टाइम्स अफ इन्डियालाई जनाएअनुसार, ती कम्पनीहरुले भारतमा आफ्नो उद्योग सार्न खोजिरहेका बेला जापान सरकारले आर्थिक सहयोग गर्दै थप आकर्षण बढाइदिएको हो । भारत र जापानले दक्षिण एसियामा चीनको बढ्दो आक्रामक विस्तारलाई नियन्त्रण गर्न खोजिरहेका छन् ।

कोरोना भाइरसको महामारीले यसलाई झनै अनुकुल बनाइदिएको छ । अष्ट्रेलियासँगै जापान र भारतले इण्डो प्रशान्तका लागि आपुर्ती श्रृंखला विस्तारको पहल चालेको छ। यसविषयमा भारतले आर्थिक सहकार्यका लागि जापानसँग पहल चालेको थियो । जापानले विभिन्न कम्पनीहरुलाई सहयोग गर्ने एवं चीनबाट भारत, बंगलादेश, जापान र अन्य एसियाली मुलुकहरुमा आफ्नो उद्योग सार्न चाहने जापानी कम्पनीहरुलाई सहयोग गर्नका लागि २ अर्ब अमेरिकी डलरको घोषणा गरेको छ । चीनमा करिब ३० हजार जापानी कम्पनीहरुको उत्पादन उद्योगहरु रहेका छन् । जसकारण चीन विश्वबजारमा उदाएको छ । भारतमा भने करिब ५ हजार १ सय मात्रै जापानी कम्पनीहरु छन् । हालै जापान बाह्य व्यापार संगठनले १० जापानी कम्पनीहरुलाई भारतीय कम्पनीहरुसँग उच्च प्रविधिको परियोजनामा सहकार्य गर्न आर्थिक सहयोग गर्ने घोषणा समेत गरेको छ । यसअन्तर्गत सुजुकी ओदम्पसजस्ता ठूला कम्पनीहरु रहेका छन् । सुजुकी अहिले ग्रामिण क्षेत्रमा ट्रान्जिट बस यातायात नियन्त्रण प्रणाली विकास गर्न आइटी पूर्वाधारको विकासमा छ भने ओलम्पसले चिकित्सकहरुलाई सहयोग गर्ने एचसीएल टेक्नोलोजी विकासका क्षेत्रमा काम गरिरहेको छ ।

चीनले विदेशी कम्पनीहरुलाई आफ्नो देशमा आर्कषण गराउनका लागि श्रमशोषण गराउने गरेको आरोप छ । तर, पछिल्लो समय विश्वबजारमा चिनियाँ धन्दाहरुको पर्दाफास हुँदै जाँदा त्यहाँबाट विदेशी कम्पनीहरु बाहिरी देशमा आफ्नो उद्योग सार्न खोजिरहेका छन् ।

## जिल्ला समाचार

## प्रदेश २ ले निजामती कर्मचारी भर्ना गर्ने

जनकपुरधाम । प्रदेश २ सरकारले कर्मचारी भर्नाको आन्तरिक तयारी सुरु गरेको छ। प्रदेश सरकारले प्रदेश लोकसेवा आयोगमार्फत तीन तहमा कर्मचारी भर्ना गर्ने भएको छ। प्रदेश सभाले गत महिना प्रदेश निजामती कर्मचारी ऐन सर्वसम्मतले पारित गरेको थियो। ऐनमा प्रदेश सरकारले चौथौ, पाँचौं र सातौं तहमा कर्मचारी भर्ना गर्न सकिने व्यवस्था रहेको छ। त्यहीअनुसार, चौथो, पाँचौं र सातौं तह अर्थात् खरिदार, सुब्बा र शाखा अधिकृतका रूपमा कर्मचारी भर्ना लिने आन्तरिक तयारी थालिएको प्रदेश सरकारले जनाएको छ। प्रदेश ऐनले प्रत्येक पाँच वर्षमा कर्मचारीलाई आन्तरिक बढुवा गरिने व्यवस्था गरेको छ। बढुवाबाटै तह प्रमुख सचिवसम्म हुन सक्ने प्रवधान राखिएको छ। अहिले संघीय सरकारको सह-सचिवलाई प्रदेश सरकारको सचिवको जिम्मेवारी दिइएको छ। प्रदेश निजामती ऐन कार्यान्वयनमा आएपछि संघीय सरकारको सहसचिव प्रदेश सरकारको पनि सहसचिव नै रहनेछ। त्यस्तै, ऐनमा संघीय सरकारका कर्मचारी काजमा आउन सक्ने र प्रदेश सरकारले भर्ना गरेका कर्मचारी पनि संघीय सरकारमातहत काजमा जान सक्ने व्यवस्था गरिएको छ। प्रदेश सरकारकाले प्रशासन, वन, कृषि, इन्जिनियर, स्वास्थ्य, शिक्षा, आर्थिक, योजना, तथ्यांकलगायतका क्षेत्रसँग सम्बन्धित कर्मचारीलाई प्रदेश निजामती ऐनअनुसार भर्ना गर्ने भएको छ। कर्मचारी भर्नाका मापदण्ड नेपाल निजामती ऐनकै मापदण्डसरह हुने व्यवस्था ऐनमा गरिएको सचिव यादवले बताए। त्यसैगरी, स्थानीय तहको कर्मचारी भर्नासम्बन्धी कानुन निर्माण नहुन्जेलसम्म स्थानीय तहका समायोजन भएको कर्मचारीको सरुवा मुख्यमन्त्री कार्यालयले गर्ने र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामतीअन्तर्गतका कर्मचारी खटाइने भएको छ।

## भन्सार छलीका सामान बरामद

विराटनगर । विराटनगरका विभिन्न स्थानबाट तस्करीका सामान बरामद भएको छ । जिल्ला प्रहरी कार्यालय मोरङको टोलीले विराटनगर-१६ दरैयाका राहुल रायको घरबाट ठूलो परिमाणमा लत्ताकपडा, कस्मेटिकलगायत सामग्री बरामद गरेको छ । रायले भारतबाट तस्करी गरी ल्याइएको १ लाख ६७ हजार ३ सय रुपैयाँ मूल्यबराबरको सामान घरमा लुकाइराखेको सूचनाका आधारमा पुगेको प्रहरीले बरामद गरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ । यस्तै विराटनगर-९ स्थित सडककिनारबाट बेवारिसे अवस्थामा राखिएको १ लाख ४३ हजार रुपैयाँ मूल्यबराबरको लत्ताकपडा र किराना सामान बरामद भएको छ ।

## पर्सामा थप तीन बिओपी

पर्सा । पर्साको थप तीन स्थानमा आइतबार सशस्त्र प्रहरीको बिओपि स्थापना भएको छ । भारतसँग सिमाना जोडिएको पर्साको ठोरी गाउँपालिका, जिरा भवानी र छिपहरमाइ गाउँपालिकामा सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट बिओपि स्थापना गरिएको हो । भारतबाट हुने तस्करी तथा सिमा नाकामा हुने गरेको विभिन्न किसिमका अबैध क्रियाकलाप नियन्त्रण गर्न सिमा सुरक्षार्थ बिओपि स्थापना गरिएको हो । ठोरी गाउँपालिकामा स्थपना भएको बिओपीको उद्घाटन गर्दै सशस्त्र छिन्नमस्ता बाहिनी महोत्तरीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कृष्णभक्त ब्रम्हाचार्यले सीमा क्षेत्रमा हुने लागुपदार्थ ओसारपसार , चेलीबेटी बेचबिखन, अवैध चोरीपैठारी नियन्त्रण गरेर शान्ति सुरक्षाको लागि नै बिओपी स्थापना गरिएको बताए । उनले सशस्त्र प्रहरीले जनताको दैनिक समस्यालाई व्यावहारिक हिसाबले हेर्ने बताउदै सशस्त्र प्रहरीलाई शान्ति सुरक्षामा सहयोग गर्न स्थानीयसँग अनुरोध गरेका थिए ।

## रौतहटमा मंसिर १७ गतेसम्म निषेधाज्ञा

रौतहट । कोरोना महामारीको जोखिम बढ्दै गएकोले जिल्ला प्रशासन कार्यालय रौतहटले कात्तिक २१ गते राति १२ बजेदेखि मंसिर १७ गतेसम्म जात्रा, महोत्सव, सभाजस्ता मानिस भेला हुने गतिविधि बन्द गर्न निषेधाज्ञा जारी गरेको छ । शुक्रबार सूचना प्रकाशित गरी प्रशासन कार्यालयले कोरोना महामारीको जोखिम रहेकाले मानिस भेला हुने गतिविधि नियन्त्रण गर्न निषेधाज्ञा जारी गरेको हो । प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जारी गरेको सूचना अनुसार सार्वजनिक खेलकुद, नाच, तमासा, मेला वा भिडभाड हुने कार्यक्रम गर्न पाइने छैन । त्यस्तै जात्रा, महोत्सव, भोजभतेर, हाटबजार, मानिसहरु भेला हुन, सभा जुलुस वा प्रदर्शनी गर्न पनि पाइने छैन । मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्चलगायत धार्मिक तथा साँस्कृतिक स्थलहरुमा दैनिक नित्य पूजाबाहेकका गतिविधि गर्न, चाडपर्वमा हुने जमघट, गोष्ठी, सेमिनार, तालिम पनि मापदण्ड र प्रोटोकल विपरीतका काम गर्न पनि निषेध गरिएको छ । सिनेमा हल, पार्टी प्यालेस, मनोरञ्जनस्थल, सैलुन, ब्युटिपार्लर, स्पा, स्वीमिङ पुल, जिमखाना, प्रदर्शनी, पुस्तकालय, संग्रहालय सञ्चालन गर्न, उद्योग कल कारखाना, ब्यापार, ब्यवसाय, निर्माण आदि काम गर्न र श्रमिकको ओसार पसार गर्न पनि बन्द गरिएको छ । त्यस्तै अनलाइन माध्यम वा दूरशिक्षाबाहेक अन्य तरिकाले पठक पाठन गर्न पनि रोक लगाइएको छ ।

## उपाध्यक्षमा ढकाल प्यानललाई साथ

कैलाली । काठमाडौंबाट नेपालको सुदूरपश्चिम अर्थात् धनगढी पुग्दा धेरैजसो उद्योगी व्यवसायीको एउटै गुनासो थियो: हामीले धेरै व्यक्तिलाई भोट दिएर नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष बनायौं तर आफ्ना समस्या सम्बोधन गर्ने नेतृत्व पाएनौं ।" तर धनगढी एयरपोर्टमा नेपाल उद्योग वाणिज्य महासंघका आसन्न निर्वाचनका लागि वरिष्ठ उपाध्यक्षका उम्मेदवार चन्द्रप्रसाद ढकाल, जिल्ला नगरतर्फका उपाध्यक्षका उम्मेदवार गुणनिधी तिवारी र महासंघका पूर्व अध्यक्ष एवं विशिष्ट सदस्य चण्डीराज ढकाल विमानस्थलमा ओर्लिदा, त्यस क्षेत्रका उद्योगी व्यवसायीहरु उत्साहित भएका थिए । ढकाल प्यानलको चुनावी कार्यक्रम स्थल होटल फ्लोरामा सयौं उद्योगी व्यवसायी उपस्थित भएका थिए । सुदूरपश्चिम प्रदेशका सबैजसो जिल्ला अध्यक्षले एकै स्वरमा भने हामीले डेढ दशकपछि साना, मझौला तथा जिल्लाका उद्योगी व्यवसायीका समस्या सम्बोधन गर्ने व्यक्ति पाएका छौं, त्यसले आसन्न निर्वाचनमा वरिष्ठ उपाध्यक्षका उम्मेदवार चन्द्रप्रसाद ढकाल र जिल्ला नगरतर्फका उपाध्यक्ष गुणनिधी तिवारीलाई जिताउनुको विकल्प छैन । कैलालीको धनगढीमा आयोजित कार्यक्रमा ३० भन्दाबढी जिल्लाका नगर अध्यक्षहरुले समर्थन गर्दै जिल्ला नगरका उद्योगी व्यवसायीका समस्या समाधानका निमित्त पनि अबको निर्वाचनमा चन्द्रप्रसाद ढकाल प्यानललाई मतदान गरी जिताउनुको विकल्प नरहेको बताए । उनीहरुले महासंघका आफ्ना साथीहरु कोहलपुर उद्योग वाणिज्य संघका अध्यक्ष चक्र अधिकारी र महासंघका केन्द्रिय सदस्य किशोर आचार्यको सवारी दुर्घटना पश्चात ढकालले दिनरात खटिएर गरेको उद्धारको प्रशंसा गर्दै अबका दिनमा जिल्लानगरका समस्या सम्बोधनका लागि पनि ढकाल प्यानललाई जिताउनुको विकल्प नरहेको बताएका थिए ।

## खानेपानी ट्यांकी शिलान्यास

कपिलवस्तु । शिवराज नगरपालिका वडा नं १० लालपुरमा खानेपानी ट्याङ्की निर्माण योजनाको शिलान्यास भएको छ । बकौली गाउँमा खानेपानी ट्याङ्कीको शिलान्यास गरिएको वडा अध्यक्ष मन्जु मिश्रले जानकारी दिइन् । खानेपानी ट्याङ्कीको शिलान्यास भएपछि वडा वासी खुसी भएका छन् । उक्त खानेपानी ट्याङकी ११ करोडको लागतमा र वडा अध्यक्ष मन्जु मिश्र र उपभोक्ता समितिका अध्यक्ष तथा जनता समाजवादी पार्टी नेपाल (जसपा) का केंद्रीय नेता रविदत्त मिश्रा द्वारा शिलान्यास गरिएको हो ।

## गोली हानी हत्या

रौतहट । माधवनारायण नगरपालिका-७ लौकाहा टोल बस्ने राम अजोध्या साह तेलीको १७ वर्षीया छोरी अमृता कुमारी साहको अपरिचित व्यक्तिहरूको गोली प्रहारबाट बुधबार राति मृत्यु भएको छ । आफ्नै माईतीघरमा आमासँग सुतिरहेको अवस्थामा आमा चर्पी गएको बेलामा ४/५ जनाको समूहमा आएका अपरिचित व्यक्तिहरूले अमृता कुमारी साहलाई गोली प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भएको हो । घटनाबारे खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय रौतहट र ईलाका प्रहरी कार्यालय पिपरारज्वाडाबाट खटिएको प्रहरीले गोली प्रहार गर्ने अपरिचित व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

## पटाका बरामद

मोरङ । धनपालथान गाउँपालिका-१ गडेरीया चोकस्थित सडकबाट करिब १६ हजार रुपैयाँ मूल्य बराबरको ८ बण्डल कोब्रा पटाका बुधबार बिहान प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी गडेरीयाबाट खटिएको प्रहरीलाई देख्नासाथ भारतबाट नेपालतर्फ पैदल ल्याउँदै गरेको अपरिचित व्यक्तिले उक्त पटाका छोडी फरार भएपछि प्रहरीले बरामद गरेको हो । यसैगरी, धनपालथान गाउँपालिका-२ धरमपुरस्थित सडकबाट करिब २३ हजार ९० रुपैयाँ मूल्य बराबरको ३ बण्डल नागीन पटाका, १ प्याकेट ट्राईकलर झिरझिरे, १ प्याकेट सिर भिजय बम लगायत विभिन्न आतसबाजीहरू बुधबार बिहान प्रहरीले बरामद गरेको छ । सिमा प्रहरी चौकी मायागञ्जबाट खटिएको प्रहरीलाई देख्नासाथ भारतबाट नेपालतर्फ पैदल ल्याउँदै गरेको अपरिचित व्यक्तिले पटाका छाडी फरार भएपछि प्रहरीले बरामद गरेको हो ।

## आगलागीबाट क्षति

कपिलवस्तु । विजयनगर गाउँपालिका-७ परसोहिया बस्ने शिवपुजन कुर्मीको घरमा खाना पकाउन बालेको आगोबाट मंगलबार बिहान आगलागी हुँदा अन्नपात, लत्ताकपडा र भाँडावर्तन समेत गरी करिब १ लाख २५ हजार रुपैयाँ मूल्य बराबरको धनमाल जलेर नष्ट भएको छ । स्थानीयवासीहरूको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## लागूऔषधसहित पक्राउ

रुपन्देही । जिल्लाको रोहिणी गाँउपालिका २ स्थित लखनौतियाबाट कार्तिक २१ गते एपीएफ टोलीले विभिन्न किसिमको लागूऔषधसहित सोही गाँउपालिका १ श्रीरामपुर बस्ने अखिलेश हरिजनलाई पक्राउ गरेको छ । सशस्त्र प्रहरी बल, नेपाल फरवार्ड सुरक्षा बेस मैनीहवाबाट खटिएको एपीएफ टोलीले उनलाई पक्राउ गरेको हो । भारतबाट नेपालतर्फ आउँदै गरेका निज हरिजनलाई एपीएफ टोलीले शंका लागि जाँच गर्दा उनको साथमा नोफिन ४४ वटा, प्रोमेथाजिन हाईड्रोक्लोराईड ईन्जेक्सन ४४ वटा र डाईजपाम ईन्जेक्सन ४४ वटा फेला परेपछि उनलाई पक्राउ गरिएको हो । पक्राउ परेका हरिजनलाई बरामद लागूऔषधसहित आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाइएको छ ।

# कलाकार राम अवतारको नयाँ म्यूजिक भिडियो आउँदै



सिरहा जिल्लाको मौवाही ५ स्थायी घर भएका युवा कलाकार राम अवतार अमात विगत एक दशकदेखि राजधानी काठमाडौँमा नृत्य र अभिनय सम्बन्धी तालिम लिएर संघर्ष गर्दैछन् । एक दशकको अवधिमा कलाकारिता क्षेत्रमा लागेर निकै तिता-मिठा अनुभवहरु बटुलेका छन् । सैयौंको संख्यामा सडक नाटक मार्फत पहाडदेखि तराईका विभिन्न जिल्लामा आफ्नो अभिनय क्षमता देखाइसकेका छन् ।

केही समय अगाडि मात्रै राजधानी काठमाडौंदेखि तराईमा पनि सुन्दर गाम स्वास्थ्य सम्बन्धी सडक नाटक प्रस्तुत गरेर फर्केका छन् । कतिपय निर्माता निर्देशकले उनको लगनशीलता देखेर आफ्नो फिल्म तथा टेलिसिरियलहरुमा सानो-तिनो भूमिका पनि दिने गरेका छन् भने कतिपयले ल मेरो फिल्ममा राम्रो रोल दिन्छु भनेर झुक्याउने गरेको भएपनि यसबाट कलाकार राम अवतार आफूलाई कला क्षेत्रमा कहिले पनि हार मानेनन् ।

आफ्नो संघर्षलाई निरन्तरता दिएकै कारण पहिलो पटक प्रेमक बगीया मैथिली भाषाको एल्बमको भिजुवलमा र तितो सत्य लगायतका करिब एक दर्जन म्यूजिक भिडियो, ईन्द्र चौधरीको निर्देशनमा अजव बात गजव कहानी कमेडी सिरीयल तथा अरु कलाकारका लागि फिल्ममा आफ्नो आवाज पनि दिने गरेका छन् । काठमाडौंको मधेश सांस्कृतिक कलाकार संघ र चावहिलको सुर श्रृंगार फिल्मस् प्रा.लि.मा पनि आवद्ध भएर नृत्य प्रशिक्षकको रुपमा कार्यरत छन् ।

पछिलो समय उनले चर्चित गायक रिजवान खानको आवाजमा रहेको मैथिली र नेपाली मिक्स गीत 'आई लभ यू कहैछि अहि स, आहाँस प्रेम करैछी' बोलको भिडीयोमा अभिनय गरेर धेरै दर्शकहरुको ध्यान आफूतिर तानेका छन् र सबैले मन पनि पराएका छन् ।

शुभ दिपावलीको अवसर पारेर रिलिज गर्ने हिसावले मैथिलीको चर्चित यूवा गायक सरोज संत तथा सुपरस्टार गायिका सुनिता साहको सुमधुर आवाज रहेको मैथिली भाषाको गीत 'साथ नै छोडव आहाँके हरदम सँगसँग हम' को भिडियोमा मोडल विशाखासँग निर्माण गरेका छन् ।

# राष्ट्रपतिद्वारा 'मैले बुझेको गान्धी' लोकार्पण



काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले भारतका राष्ट्रपिता महात्मा गान्धीको १५१औं जन्मजयन्ती तथा दुईवर्षे लामो 'महात्माको १५० वर्ष' स्मरणोत्सवको समापनको अवसरमा 'मैले बुझेको गान्धी' नामक सचित्र पुस्तकको लोकार्पण गरेकी छन् । सोमबार राष्ट्रपति भण्डारीले नेपालका लागि भारतका राजदूत विनय मोहन क्वात्राको उपस्थितिमा राष्ट्रपति भवन, शीतलनिवासमा उक्त पुस्तकको लोकार्पण गरेकी छन् । हाम्रा नेपाली मित्रहरुसँग गान्धी शिक्षाका मूल्यमान्यताको सम्झनामा भारतीय राजदूतावासले बिपी कोइराला भारत-नेपाल फाउण्डेसनको सहकार्यमा उक्त पुस्तकको प्रकाशन गरेको हो । यस पुस्तकले विश्वपुरुष गान्धीका बारेमा पहिलो पटक विशिष्ट नेपाली दृष्टिकोणलाई एकै ठाउँमा ल्याएको छ । गान्धीका योगदानका बारेमा विविध क्षेत्रका नेपालका २५ प्रतिष्ठित व्यक्तित्वहरुको विचारलाई यस पुस्तकमा समावेश गरिएको छ । यस प्रकाशनले नेपालका युवाहरुलाई महात्मा गान्धीलाई अझ नजिकबाट बुझ्न सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ जसका जीवन तथा आदर्श सदा अमर र आज पनि उत्तिकै सान्दर्भिक छ ।

## आर्थिक समाचार

# नेपाल लाइफले ल्यायो शुभकामना गीत

काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले बुधबार सार्वजनिक गरेको तिहारको शुभकामना गीतबाट लिइएका शब्दहरु हुन् । यतिखेर तिहार नजिकिँदै गएको छ । नेपालीहरुको घर आँगन झिलीमिली बत्ती र फूलै फूलले रंगिदै छन् । यस्तै कथा वस्तुलाई समेटेर कम्पनीले तिहार शुभकामना गीत तयार गरेको छ । हिन्दुहरुको महान् चाड तिहारमा घरभित्रै बसेर भए पनि मनोरञ्जन लिन सकून् भनेर नेपाल लाइफको 'इनहाउस टिम'ले मार्मिक र हृदयस्पर्शी शब्दहरुलाई संगीत संयोजन गरी यो शुभकामना गीत तयार गरेको हो । जसलाई म्यूजिक भिडियोमार्फत उत्कृष्ठ पस्कने प्रयास कम्पनीले गरेको छ ।

स्वर्गझैँ सुन्दर नेपालका पूर्व, पश्चिम, उत्तर, दक्षिण सबैतिर स्वतन्त्र भएर नाच्दै गाउँदै सबै रमाऊँला जस्ता उत्प्रेरणा समेत यस गीतले दिनेछ । शुभकामना गीतले मनोरञ्जन प्रदान गर्नुका साथै तिहारको महिमा, बीमा सम्बन्धी सचेतनामा समेत ध्यान खिचेको छ । तिहार शुभकामना गीत मेघेन्द्रप्रकाश गिरीको हृदयस्पर्शी शब्द तथा रचनामा मेघेन्द्रप्रकाश गिरी, सम्पन्न सिंह महर्जन, राजीव डीसी र सुशीला लमगडले देउसी-भैलो भाकामा कर्णप्रिय स्वर दिएका छन् ।

यस शुभकामना गीतमा संगीत मेघेन्द्रप्रकाश गिरी, सम्पन्न सिंह महर्जन, राजीव डीसी र कृपेश लोहनीको रहेको छ । त्यस्तै, अरेन्जरमा कृपेश लोहनी र अभिषेक थापा रहेका छन् । गीतमा मनोरञ्जन मात्र होइन, 'बीमा गर्न जरुरी छ, किनकि जीवन अमूल्य छ' भन्ने जनचेतनासमेत फैलाउने प्रयास गरिएको छ । त्यसैगरी, नेपालका हिमाल, तराई र पहाडलाई समेट्दै झिलीमिली बत्तीले सारा नेपाललाई रंगाउन गीतमा उद्घोष गरिएको छ । आफू शिक्षित र समृद्ध हुन तथा सन्ततिको उज्ज्वल भविष्यका लागि नेपाल लाइफमै जीवन बीमा गरी सन्ततिको भविष्य पनि उज्ज्वल बनाउन उक्त गीतमार्फत सुझाइएको छ ।

त्यस्तै, हिमाल, पहाड, तराईदेखि नै नेपाल लाइफको झण्डा फहराई कर्मचारी, अभिकर्ता सबैले एक जुट भएर 'बीमा गर्न जरुरी छ, किनकि जीवन अमूल्य छ' अभियानलाई अघि बढाउँदै सेवा दिन पनि आह्वान गरिएको छ । यो गीतको भिडियो पनि उत्कृष्ठ बनेको कम्पनीले जनाएको छ । शब्दहरुलाई न्याय गर्ने गरी भिडियो तयार गरेकाले तिहारको माहोललाई अझ झिलीमिलि बनाउन थप टेवा पुऱ्याउने छ । महान् चाड तिहारमा सम्पूर्ण नेपालीलाई मनोरन्जन प्रदान गर्नुका साथै बीमा गर्नुपर्छ भन्ने जनचेतना पनि सम्पूर्ण नेपालीसमक्ष पुग्ने विश्वास कम्पनीले लिएको छ ।

# प्रभुको एक्स्टेन्सन काउण्टर सञ्चालन

काठमाडौं । प्रभु बैंकले आफ्नो सेवा विस्तार गर्ने क्रममा सुर्खेत जिल्लाको विरेन्द्रनगर नगरपालिकास्थित वडा नं ०७ मा रहेको जिल्ला प्रशासन कार्यालयमा एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ । सुर्खेतस्थित जिल्ला प्रशासन कार्यालयमा स्थापित एक्स्टेन्सन काउण्टरबाट बिहीबारदेखि कारोबार सुरु भएको हो । नेपाल राष्ट्र बैंक तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी विभिन्न सरकारी निकायहरुको बैंकिङ्ग कारोबार प्रभावकारी रुपमा सञ्चालन गरिरहेको प्रभु बैंकले जिल्ला प्रशासन कार्यालय सुर्खेतमा पनि आफ्नो सेवा विस्तार गर्न सफल भएको छ । प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट जिल्ला प्रशासन कार्यालयमा आउने सेवाग्राहीहरुलाई रकम जम्मा गर्न र जिल्ला प्रशासन कार्यलयको काम गर्न सहज र सरल हुने भएको छ ।

# ग्लोबल आइएमई बैंकद्वारा ८ लाख सहयोग

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत टिच फर नेपालद्वारा संचालित टिच फर नेपाल फेलोसिप कार्यक्रमलाई ८ लाख रुपैयाँ सहयोग प्रदान गरेको छ । ग्लोबल आइएमई बैंकका बजार तथा व्यवसाय प्रबर्द्धन विभाग प्रमुख शान्ता शिवाकोटी र टिच फर नेपालका प्रमुख कार्यकारी अधिकृत स्वस्तिका श्रेष्ठले आयोजित एक कार्यक्रमबीच उक्त सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् । कार्यक्रममा बोल्दै ग्लोबल आइएमई बैंकका बजार तथा व्यवसाय प्रबर्द्धन विभाग प्रमुख शिवाकोटीले यस्ता सामाजिक कार्यमा ग्लोबल आइएमई बैंक सदा अग्रसर रहेको जानकारी गराएकी हुन् । टिच फर नेपालको प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले टिच फर नेपाल फेलोसिपलाई आर्थिक सहयोग प्रदान गरिएकोमा ग्लोबल आइएमई बैंक लिमिटेडलाई धन्यवाद व्यक्त गरेकी छन् । बैंकले स्थापनाकालदेखि नै सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखेर विभिन्न सामाजिक कार्यहरुमा सहयोग गर्दै आएको छ ।

# भारतद्वारा धनुषामा माध्यमिक विद्यालय भवन निर्माण



काठमाडौं । भारत सरकारको नेरु. २.६२४ करोड आर्थिक सहयोगमा धनुषा जिल्लाको कुम्हरौडास्थित श्री लक्ष्मीनियाँ जनता माध्यमिक विद्यालयमा भवन निर्माण भएको छ ।

नवनिर्मित विद्यालय भवनको काठमाडौंस्थित भारतीय राजदूतावास, शहरी विकास तथा भवन निर्माण विभाग, संघीय परियोजना कार्यान्वयन इकाई, धनुषा जनकपुरधाम तथा विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरु र स्थानीयप्रतिनिधिहरुद्वारा सोमबार संयुक्त रुपमा उद्घाटन गरिएको छ ।

'नेपाल-भारत विकास सहकार्य' कार्यक्रमअन्तर्गत भारत सरकारको अनुदान सहयोगमा १५ वटा कक्षा कोठा र सरसफाई सुविधासहितको उक्त तीनतल्ले विद्यालय भवनको निर्माण भएको हो ।

भारत सरकार र नेपाल सरकारबीच भएको सम्झौताअन्तर्गत यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा विकास गरिएको दूतावासले जनाएको छ ।

भारतले हालसम्म नेपालमा४२४ उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु सम्पन्न गरिसकेको छ जसमध्ये धनुषामा १० वटा गरी प्रदेश नं २ मा ४५ वटा परियोजनाहरु सम्पन्न भइसकेका छन् । धनुषा जिल्लामा ९ वटा समेत गरी प्रदेश नं २ माभारत सरकारको अनुदानमा सञ्चालित २१ परियोजनाहरु सम्पन्न तथा कार्यान्वयनका विभिन्न चरणहरुमा रहेका छन् ।

धनुषाको तुलसियाहीमा वैद्यनाथ देवनारायण जनता उच्च माध्यमिक विद्यालयको निर्माणार्थ मिति २०७६ चैत्र ३ गते सम्झौतापत्रमा हस्ताक्षर भएको थियो । नेपाल सरकारले मुखियापट्टी मुसरनिया गाउँपालिकालाई कार्यान्वयन निकायको रुपमा नियुक्त गरेको छ भने टेन्डर प्रक्रिया पुरा गर्न बाँकी रहेको छ ।

धनुषा जिल्लाको कुम्हरौडास्थित श्री लक्ष्मीनियाँ जनता माध्यमिक विद्यालय सन् १९५६ मा स्थापना भएको हो । विद्यालयमा करिब ११०७ जना विद्यार्थीहरु अध्ययनरत छन् जसमध्ये ५० प्रतिशतभन्दा बढी छात्रा रहेका छन् ।

यस नवनिर्मित संरचनाले विद्यार्थीहरुको सिकाई वातावरणलाई सुदृढ गर्ने अपेक्षा गरिएको छ । यस परियोजनाले नेपाल र भारतबीचको विकास साझेदारीलाई प्रतिबिम्बित गर्नुका साथै शिक्षाको क्षेत्रमा पूर्वाधार अभिवृद्धि गर्न नेपाल सरकारले गरेको प्रयासलाई थप बल पुऱ्याएको छ ।

# २८ वटा आइसीयु भेन्टिलेटर प्रदान

काठमाडौं । कोभिड-१९ महामारी विरुद्धको लडाईमा भारत सरकारले सहयोगका लागि नेपाल सरकारलाई २८ वटा आसियु भेन्टिलेटर प्रदान गरेको छ । भारत सरकारको तर्फबाट नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकाललाई आइतबार २८ वटा आइसीयु भेन्टिलेटर उपहार स्वरुप प्रदान गरेका छन् । यस अघि भारतले नेपाललाई वैशाख १० गते प्यारासिटामोल, हाइड्रोक्लोरोक्वीन लगायतका अत्यावश्यक स्वास्थ्य सामाग्री, जेठ ४ गते कोभिड-१९ परीक्षण कीट (आरटी-पिसिआर), श्रावण २५ गते आइसीयु भेन्टिलेटर र भाद्र ३० गते रेमडेसिभिर औषधी प्रदान गरिसकेको छ । हस्तान्तरण समारोहमा बोल्दै राजदूत क्वात्राले कोभिड-१९ महामारी विरुद्धको लडाईमा सफलता हासिल गर्न नेपाल सरकार र नेपाली जनतासँग भारतको अटूट साथ रहेको कुरा दोहोऱ्याए । साथै, उनले यस किसिमका आवश्यक सहयोग गर्न भारत सधैं प्रतिबद्ध रहेको कुरामा जोड दिएका छन् ।

# 'भारतीय सेनाध्यक्षको भ्रमणले सम्बन्ध सुधार'

काठमाडौँ । नेपाली सेनाले भारतीय सेनाध्यक्ष मनोज मुकुन्द नरवणेको नेपाल भ्रमणले दुई देशका सेनाबीचको सम्बन्ध थप सुधार भएको जनाएको छ । भारतीय सेनाध्यक्ष नरवणे तीन दिने नेपाल भ्रमण सकेर स्वदेश फर्किएलगत्तै विज्ञप्ती जारी गरी त्यस्तो जनाएको हो । नेपाली सेनाका अनुसार सैनिक जंगी अड्डामा आयोजित रात्री भोजमा दुवै देशका सेनाध्यक्षले दुई देशका सेनाबीचको सम्बन्ध सुधार गर्नमा यो भ्रमण सफल भएको उल्लेख गरेका थिए । नेपाली सेनाले आपसी सुरक्षा चासोका विषयमा दुई सेनाध्यक्षबीच खुला छलफल भएको जनाएको छ । नेपाली सेनाको मानार्थ महारथीको उपाधि ग्रहण गर्न नरवणे बुधबार नेपाल आइपुगेका थिए ।

# नरवणेले सुनाए आफनो अनुभव

काठमाडौं । नेपालको तीनदिने औपचारिक भ्रमणमा आएका भारतीय स्थल सेनाध्यक्ष मनोज मुकुन्द नरवणेले शुक्रबार नेपाली सैनिक कमान्ड तथा स्टाफ कलेज शिवपुरीमा आफ्नो कार्य क्षेत्रको अनुभव सुनाएका छन् । उनले त्यहाँ रहेका तालिमरत शिक्षार्थीहरुलाई सम्बोधन आफूले लामो सैनिक सेवामा पाएको सफलता र प्राप्त अनुभवहरु सुनाएका हुन । जङ्गी अड्डामा भएको औपचारिक भेटवार्तामा दुई प्रधान सेनापतिबीच आपसी सुरक्षा चासोका विषयहरुमा खुला छलफल भएको थियो । भेटवार्ताकै क्रममा दुई सेनाबीच उच्चस्तरीय भ्रमण र तालिमहरु लगायत अन्य सहयोगका क्षेत्रमा थप विस्तार गर्ने विषयमा समेत छलफल भएको थियो । यस भ्रमणले दुई देशबीच रहँदै आएको सौहार्दपूर्ण सैनिक सम्बन्धलाई अझ सुमधुर एवं विस्तार गर्न थप मद्दत पुग्ने विश्वास नेपाली सेनाले लिएको छ ।

# संवादमार्फत समस्या समाधान हुने विश्वास

काडमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीसँग नेपाल भ्रमणमा रहेका भारतीय स्थलसेनाध्यक्ष मनोजमुकुन्द नरवणेले शुक्रबार शिष्टाचार भेट गरेका छन् । सो अवसरमा प्रधानमन्त्री ओलीले नेपाल र भारतबीच असल मित्रता रहेको र कतिपय विषयमा दुई देशबीच रहेका समस्या संवादमार्फत समाधान हुने विश्वास व्यक्त गरे । उनले दुई देशबीच शदिऔं पुरानो विशिष्ट सम्बन्ध रहेको जनाउँदै एकार्का देशका सेनाप्रमुखलाई मानार्थ महारथीको दर्जा प्रदान गर्ने परम्परा रहेको बताएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

# भारतका विदेश सचिव नेपाल आउने

काठमाडौं । भारतका विदेश सचिव हर्षबर्धन श्रृंगला आउँदो महिना नेपाल आउने भएका छन् । उनी यही नोभेम्बरको अन्त्य अर्थात मंसिरको दोश्रो साता काठमाडौं आइपुग्ने भारतीय सञ्चार माध्यमले जनाएका छन् । विशेषगरी नेपालसँग पछिल्लो समय चिसिएको सम्बन्ध सुधारका लागि उनको भ्रमण हुन लागेको बताइएको छ ।

नेपालसँगको सम्बन्ध बिग्रिएसँगै आलोचना खेपिरहेको भारत सरकारले विदेश सचिव हर्षवर्धन श्रींग्लालाई नेपाल भ्रमणमा पठाउन लागेको हो । भारतीय सेना प्रमुख मनोज मुकुन्द नरवणे नेपाल भ्रमण गरेर फर्किएको एक सातापछि नै विदेश सचिव श्रींग्ला नेपाल भ्रमणमा आउने कार्यक्रम तय भएको हो ।











शुभ दीपावली तथा छठ-२०७७ को उपलक्ष्यमा समस्त देशवासी दाजुभाई-दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मधेश मिडिया हाउस परिवार**


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं